नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

बिहीबार, असार १५, २०७४ | Thursday, June 29, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला थ्वः ६ | वर्ष २३, अंक १७० | पृष्ठ १२ | मूल्य रू. १०/–





शुभारम्भ...शिवम्‌सँग
१ हाम्रो तर्फबाट
शिवम् सिमेन्ट
50 kg Net (When Packed)
USE NO HOOKS
शिवम् सिमेन्ट
Ordinary Portland Cement
OPC
Manufactured By:
Shivam Cements Ltd.
Hetauda, Nepal
Made in Nepal
प्रत्येक 20 बोराको खरिदमा...
कदर स्वरुप १ बोरा
यो सानो प्रयासबाट लाभ उठाई हामीलाई प्रोत्साहित गरिदिनु हुन्छ भन्ने अपेक्षा राख्दछौं ।
*शर्तहरू लागू हुनेछन् । यो योजना सीमित अवधिको लागि स्टक रहुन्जेलसम्म लागू हुनेछ ।
कदर स्वरूप प्राप्त हुने बोराको ढुवानी तथा लोड अनलोड बापत अतिरिक्त शुल्क लाग्नेछ ।
CERTIFIED CEMENT COMPANY
अटुट COMPRESSIVE STRENGTH
max l'agence/17






# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नुपरेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: २१२/२२५ (९ बजेदेखि ६ बजेसम्म)

बिहीबार, असार १५, २०७४ | Thursday, June 29, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला थ्व: ६ | वर्ष २३, अंक १७० | पृष्ठ १२ | मूल्य रू. १०/–







# ७०.५ प्रतिशत मतदान





रुकुममा मतदानका लागि लामबद्ध मतदाता, गुल्मीको एक मतदान केन्द्रमा मतदानको पर्खाइमा रहेका महिलाहरू तथा ताप्लेजुङमा मतदान सम्पन्न भएपछि मतपेटिका गणनास्थलतर्फ लगिँदै । तस्वीर : धनवीर दाहाल (रुकुम)/अनिल खत्री (गुल्मी)/रवीन भट्टराई (ताप्लेजुङ) ।

- अधिकांश स्थानमा जनता उत्साहित, दोस्रो चरणको मतदान छिटपुट घटनाबाहेक शान्तिपूर्ण ।
- बझाङको एउटा केन्द्रमा मतदान स्थगित ।
- सोलु र नवलपरासीका १/१ मतदान केन्द्रमा २/२ वटा मत मात्रै खस्यो ।
- बाजुरामा सबैभन्दा बढी ८० र भोजपुरमा सबैभन्दा कम ६१ प्रतिशत मत खस्यो ।
- एक साताभित्र गणना सकिने आयोगको दाबी ।

सुनील महर्जन, काठमाडौं

तीन वटा प्रदेशअन्तर्गत ३५ जिल्लाका ३ सय ३४ स्थानीय तहमा बुधबार भएको निर्वाचनमा ७० दशमलव ५ प्रतिशत मत खसेको पाइएको छ।

दोस्रो चरणको निर्वाचनमा कुल मतदाता ६४ लाख ३२ हजार ७ सय ६५ रहेका छन्। त्यसमध्ये प्रदेश नम्बर १ मा २६ लाख ७४ हजार ५ सय ६३, प्रदेश नम्बर ५ मा २४ लाख ५४ हजार ४ सय ४८ र प्रदेश नम्बर ७ मा १३ लाख ३७ हजार १४ जना मतदाताहरू रहेका छन्। आयोगले सो प्रतिशत बढ्न सक्ने जनाएको छ। पहिलो चरणको निर्वाचनमा ७३ प्रतिशत मत खसेको थियो।

निर्वाचन आयोगलाई प्राप्त प्रारम्भिक विवरणअनुसार सो मत खसेको आयोगले जनाएको छ। मतदान कार्य सम्पन्न भएलगतै मतदान केन्द्रबाट मतपेटिका मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालय लगिएको थियो। निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका पुऱ्याइएपछि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतहरूले मतगणना गर्ने विषयमा राजनीतिक दलहरूसँग समन्वय गरी बुधबार रातिबाट मतगणना गर्न शुरू गर्ने आयोगले जनाएको छ।

दोस्रो चरणको निर्वाचनमा पहिलो पटकजस्तो मतगणना कार्य सुस्त नबनाउनका लागि जनशक्ति व्यवस्थापन, भौतिक सुविधा र सुरक्षाको अवस्थालाई हेरेर मतगणना डेस्क राख्न निर्देशन दिएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले पत्रकार भेटघाटमा जानकारी गराउनुभयो।

पहिलो चरणमा झैं यसपटक पनि मतगणना कार्य सुस्त हुन नदिन केकस्तो व्यवस्थापन गरिएको छ भन्ने सञ्चारकर्मीको जिज्ञाशामा उहाँले भन्नुभयो- 'एक साताभित्र मतपरिणाम आउने गरी मतगणना गर्न निर्देशन दिएको छु। यसपटक मतगणना कार्य चाँडै हुनेमा विश्वस्त छु।'

बुधबार भएको स्थानीय तहको निर्वाचनमा एकाध छिटपुट घटनाबाहेक र नेपाल कम्युनिस्ट पार्टी माओवादी विप्लवको वहिष्कार तथा राजपाको आन्दोलनका बीच शान्तिपूर्ण र बृहत् जनसहभागिताका साथ सम्पन्न भएको प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले पत्रकार भेटघाटमा जानकारी दिनुभयो।

वृद्ध मानिसले सहयोगी लगेको सम्बन्धमा बझाङको जयपृथ्वी नगरपालिकाको पाण्डु मावि मतदान केन्द्र 'क' र 'ख' मा विवाद भएको थियो। विवाद भएपछि मतदान कार्य स्थगित भएको थियो।

त्यसै गरी सोलुखुम्बुको नेचा सल्यान गाउँपालिका वडानम्बर ७ मा पर्ने तिङला मतदान केन्द्रका स्थानीयले मतदान गरेनन्। २ हजार ४ सय ७६ मतदाता रहेको सो मतदान केन्द्रमा दुईवटा मत खसेको थियो। निर्वाचनका कर्मचारी रित्तो मतपेटिका लिएर दिनभर बसेको प्रमुख निर्वाचन आयुक्त डा. यादवले जानकारी दिनुभयो।

स्थानीय तह पुनर्संरचनाका क्रममा सीमांकनबाट असन्तुष्ट साविक तिङलाबासी चुनावमा सहभागी नभएर विरोध कायमै राखेको बुझिएको छ। स्थानीय तह पुनर्संरचनाको प्रतिवेदनप्रति असन्तुष्टि जनाउँदै नवलपरासीको सरावल गाउँपालिका वडा नम्बर ६ का जनता मावि भुजहवा केन्द्रमा दुई जनाले बाहेक अरु मतदाताले मतदान गरेनन्।

सो मतदान केन्द्रमा ५ सय १ जना मतदाता रहेकामा ४ सय ४१ जनाले मतदाता परिचयपत्र लगेका थिए। सो केन्द्र रहेको साविकको भुजहवा गाविसबाट वडा नम्बर २ लाई मात्रै अलग्याएर सरावल गाउँपालिकामा राखेका कारण मतदान बहिष्कार गरेको बुझिएको छ।

शून्य मतदान कार्यलाई आयोगले वैधानिकता दिएको छ। 'निर्वाचन आयोगका कर्मचारीहरू दिनभर बसे पनि मतदाताहरू मत खसाल्न आएनन्। यसलाई शान्तिपूर्ण रूपमा सम्पन्न भएको अर्थमा लिएका छौं।' -प्रमुख निर्वाचन आयुक्त डा. यादवले भन्नुभयो। बिहान वर्षाका कारण केही मतदान केन्द्रमा मतदान कार्य ढिलो शुरू भए पनि सबै मतदान केन्द्रहरूमा मतदाताको उत्साहपूर्ण सहभागितामा रहेको आयोगले जनाएको छ।

सबैभन्दा बढी बाजुरामा ८० प्रतिशत मत खसेको छ। सबैभन्दा कम भोजपुरमा ६१ प्रतिशत मतदान भएको छ। मतदानका लागि हिजो बिहान ७ बज्नुभन्दा अगाडिदेखि नै मतदान केन्द्रहरूको अगाडि मतदाताहरू पङ्क्तिबद्ध भई उत्सुकतापूर्ण सहभागिता जनाएका थिए।

(क्रमशः पृष्ठ ५ मा)

## पहिरोले दुईको मृत्यु, दुई बेपत्ता



चिरञ्जीवी मास्के, दोलखा

दोलखा भीमेश्वर नगरपालिका वडा नम्बर ९ लाँकुरीडाँडा कुतुदेमा मंगलबार राति पहिरोले दुई घर बगाउँदा दुई जनाको मृत्यु भएको छ भने दुई जना बेपत्ता भएका छन्।

राति करिब १२ बजेतिर गएको पहिरोमा परी मङ्गले थामीकी पत्नी करिब ३५ वर्षीया शान्ति थामी र ७० वर्षीया लाटी थामीको मृत्यु भएको छ।

(क्रमशः पृष्ठ ५ मा)

# मतदानमा यस्तो पनि....

*दोस्रो चरणको स्थानीय तह निर्वाचनका क्रममा सम्बद्ध क्षेत्रहरुमा केही अनौठा घटनामेत भएका छन्। प्रस्तुत छ, विवरण :*

### जसले बम समातेर जनतालाई जोगाए




नरेन्द्र केसी, घोराही, दाङ

दाङको एक मतदान केन्द्रमा प्रहरी हवल्दारले ज्यानको जोखिम मोलेर बम विस्फोट हुनबाट जोगाएका छन्।

तुलसीपुर-३ स्थित मावि अम्बास मतदान केन्द्रलाई लक्षित गरी अज्ञात व्यक्तिले प्रहार गरेको बम प्रहरी हवल्दार दुर्गाबहादुर राणाले समाएर तत्काल केन्द्रबाहिर फालेका थिए।

रानाले तुलसीपुर उपमहानगरपालिका वडा नं ३ अम्बासमा चुनावी अभियानको सुरक्षार्थ खटिएको बेला दिउँसोको समयमा एक जना युवकले बम आफूतिर फालेको देखेर त्यो आगो सल्किरहेको बमलाई केही सेकेन्डमै जंगलतिर फालेको बताए। उहाँको सम्मानमा स्थानीयबासीले अबिर जात्रा नै गरेका छन्। मतदान सकिएपछि रानालाई सम्मान गरिएको हो।

सल्यान शारदा नगरपालिका वडा नं १ छापडाँडामा जन्मिएका प्रहरी हवल्दार राणा एक हप्ताअगाडि मात्रै काठमाडौंबाट दाङ आएका हुन्। उनले भने- 'मैले जीवनको कुनै पर्वाह गरिनँ, मलाई मेरो भन्दा जनताको सुरक्षामा चासो भयो।' उनले आफ्नो जिम्मेवारी र मतपेटिकाको सुरक्षा गर्नु प्रमुख कर्तव्य भएको ठानेर बम मतदान केन्द्रमा खस्न नदिएको बताउनुभयो।

बुधबार उनलाई गृहमन्त्री जनार्दन शर्माले टेलिफोन गरेर बधाई र धन्यवाद दिएका छन्। उनले नेपाल प्रहरीको साहसप्रति गर्व गर्दै हवल्दार राणालाई पुरस्कार दिने घोषणासमेत गरेका छन्। रानालाई प्रहरी महानिरीक्षक प्रकाश अर्यालले पनि फोन गरेर बधाई दिएका छन्। उनले नेपाल प्रहरीभित्र सक्षम र साहसीहरूको उदाहरण राणा भएको भन्दै खुसी व्यक्त गरेको प्रहरीले जनाएको छ।

### मतदान गर्न लाग्दा मृत्यु

दमक, (नेस)

दोस्रो चरणको स्थानीय तहको निर्वाचनमा मतदान गर्ने क्रममा बुधबार बिहान एकजना ज्येष्ठ नागरिकको मृत्यु भएको छ।

मृत्यु हुनेमा दमक नगरपालिका-९ स्थित हिमाली टोलका ८५ वर्षीय नरेन्द्र भण्डारी रहेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ। भण्डारी दमकस्थित सरस्वती उच्च माविको मतदान केन्द्रमा मतदानका लागि जानुभएको थियो।

इलाका प्रहरी कार्यालय दमकका प्रहरी नायब निरीक्षक वीरेन्द्र कोइरालाका अनुसार मतदानका लागि नाम रुजु गरी मतपत्र लिएर मतदान गर्न जाने क्रममा अस्वस्थ भएपछि उपचारका लागि दमकस्थित लाइफलाइन अस्पताल लैजाने क्रममा बिहान ७:४० बजे उहाँको बाटोमै मृत्यु भएको हो। मृतक भण्डारी मुटु रोगी रहेको प्रहरीले जनाएको छ।

### १ सय चार वर्षीयद्वारा मतदान

दमक, (नेस)

झापाको कमल गाउँपालिका-५ स्थित मतदान केन्द्रमा १ सय ४ वर्षीय वृद्धले स्थानीय तह निर्वाचनमा मतदान गर्नुभएको छ।

कमल गाउँपालिका-५ स्थित मंगलमय माविको मतदान केन्द्रबाट स्थानीयबासी १ सय ४ वर्षीय वृद्ध रणबहादुर कार्कीले मतदान गर्नुभएको हो। उहाँ कमल गाउँपालिकाकै सबैभन्दा ज्येष्ठ मतदाता हुनुहुन्छ।

### मतपत्र जले

रोल्पा, (नेस)

जनता आधारभूत विद्यालय धवाङ रोल्पामा मतदानको क्रममा अज्ञात समूहले मतपेटिकामा आगो लगाई बुधबार मतपत्र जलाएका छन्।

रोल्पा नगरपालिका-१० मा रहेको सो मतदान केन्द्रमा १ सय ५० वटा मत खसिसकेको थियो। मतदान भइरहेका बेला मतपेटिकामा अज्ञात व्यक्तिले लगाएको आगोबाट करिब १५ वटा मतपत्र जलेको सुरक्षा निकायले जनाएका छन्। उक्त मतदान केन्द्रमा हाल मतदान प्रक्रिया स्थगन गरिएको छ।

(क्रमशः पृष्ठ ५ मा)

# विचार

विद्यार्थीको आवाज स्यालको हुइयाँ मात्र होइन, एक कुशल सिकारीको अचुक निशाना हो।
–लेनिन

मैले नेपालको हिमाल देखेको छु र सबैभन्दा बढी त बहादुर नेपालीहरुलाई चिनेको छु।
–माओत्सेतुङ

## सम्पादकीय

नेपाल समाचारपत्र

# निर्वाचनप्रति मतदाता उत्साहित

स्थानीय तहको दोस्रो चरणको निर्वाचन छिटफुट घटनाबाहेक शान्तिपूर्णरुपमा हिजो सम्पन्न भएको छ । वर्षाको समेत पर्वाह नगरी मतदाताले मतदान गर्न उत्साहजनक सहभागिता जनाए । पहिलो चरणको निर्वाचन सम्पन्न भएको ६ सातापछि भएको दोस्रो चरणको निर्वाचन उत्साहपूर्वक हुन्छ भन्ने कुरामा विभिन्न आशंका उब्जिरहेको थियो । पहिलो चरणअन्तर्गत प्रदेश नम्बर ३, ४ र ६ को २ सय ८३ स्थानीय तहमा निर्वाचन सम्पन्न भएपछि पनि राष्ट्रिय राजनीतिमा दलहरुबीच देखिएको ध्रुवीकरणले दोस्रो चरणको लागि जेठ ३१ गते तोकिएको मिति असार १४ गते सारिएको थियो । दोस्रो चरणमा पनि प्रदेश नम्बर १, ५ र ७ को ३ सय ३४ स्थानीय तहमा मात्र निर्वाचन गरिएको छ । कुल ७ सय ४४ स्थानीय तहमध्ये अब निर्वाचन गर्न प्रदेश नम्बर २ अन्तर्गतका स्थानीय तह मात्र बाँकी छ । प्रदेश नम्बर २ को १ सय २७ तहमा निर्वाचन गर्न तेस्रो चरणअन्तर्गत असोज २ गतेलाई मिति तोकिएको छ ।

पहिलो र दोस्रो चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न भएपछि निर्वाचन विरोधी शक्ति परास्त भएको स्पष्ट देखिएको छ । तेस्रो चरणअन्तर्गत प्रदेश नम्बर नं. २ को स्थानीय तहमा तोकिएको निर्वाचनको समयावधि घटाएर असोज २ गतेअगाडि नै गर्नुपर्ने आवाज उठिरहेको छ । त्यसैले सरकारले निर्वाचनप्रति आममतदाताको चाहनालाई ख्याल गर्दै तेस्रो चरणको निर्वाचन पनि जति सक्यो छिटो गर्न ध्यान दिनु उपयुक्त देखिन्छ । प्रदेश नम्बर २ का मतदाताहरुको चाहना हेर्ने हो भने उनीहरु चाँडोभन्दा चाँडो मतदान गर्न आतुर छन् । पहिलो र दोस्रो चरणको निर्वाचनमा देखिएको मतदाताहरुको उत्साजनक सहभागिताले निर्वाचनको विरोधमा लागेका सीमित राजनीतिक दलहरु र ती दलका नेताहरु दलीय स्वार्थ र व्यक्तिगत स्वार्थमा लागेको स्पष्ट हुन्छ ।

संविधान कार्यान्वयनको महत्वपूर्ण पाटो भनेको स्थानीय निर्वाचन र अन्य दुई तहको निर्वाचन समयसीमाभित्रै गर्नु हो । संविधानतः यो व्यवस्थापिका संसद्‌को आयु २०७४ माघ ७ गतेसम्म मात्र छ । यो अवधिमा अन्य दुई तह संघीय र प्रादेशिक निर्वाचन गरिसक्नुपर्छ । निर्वाचन आयोगले स्थानीय तहको निर्वाचन एकै चरणमा गर्न सकिने जनाए पनि सत्ताघटक दलहरुले विभिन्न राजनीतिक कारण देखाउँदै तीन तहमा गर्ने निर्णय गरे । जसको कारण लामो समय स्थानीय तहकै निर्वाचनमा सरकार केन्द्रित हुनुपर्‍यो । अन्य दुई तहको निर्वाचन छिटोभन्दा छिटो एकै चरणमा गर्ने गरी कार्यविधि अघि बढाउनु उपयुक्त हुन्छ । निर्वाचन प्रक्रिया लम्ब्याउँदा मुलुकलाई नै नोक्सान हुन्छ । निर्वाचनकै कारण महत्वपूर्ण मन्त्रालय अहिले मन्त्रीविहीन बनेका छन् । निर्वाचन प्रक्रिया लम्बिँदा विकास निर्माणका कार्यमा समेत ठूलो असर पुग्छ । त्यसैले मतदाताको उत्साहको समेत कदर गर्दै बाँकी निर्वाचनहरु गराउन पनि ढिला गर्नुहुँदैन ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# छिमेकीसँग सन्तुलित सम्बन्धको खाँचो



दीर्घराज प्रसाई

छिमेकी फेर्न सकिँदैन। छिमेकी राष्ट्रमा सरकार परिवर्तन हुनसक्छ तर भूभाग सार्न सकिँदैन। त्यसैले नेपालले चीन तथा भारतजस्ता नजिकका छिमेकीहरुसँग सधैँ सुमधुर तथा सन्तुलित सम्बन्ध कायम राख्न सक्नुपर्छ। नेपालको लागि भौगोलिक, सांस्कृतिक र आदानप्रदानको हिसाबले भारत धेरै नजिकको छिमेकी राष्ट्र हो। हिमवतखण्ड र भारतखण्ड विश्वसभ्यताका मूल हुन्। पूर्वमा ब्रह्मपुत्र, पश्चिममा हिन्दुकुश, उत्तरमा कैलास मानसरोवर तथा हिमालय र दक्षिण गंगासम्मको भूभागलाई हिमवतखण्ड भनिन्छ भने गंगादेखि हिन्दमहासागरसम्मको भूभागलाई भारतखण्ड भनिन्छ। यी दुई भूखण्डमा हिन्दु, बौद्ध, किरात, जैन, शिख आदि ॐकार परिवारको जन्म भएको हो। प्राचीन समयमा हिमवतखण्ड-नेपाल अहिलेको भन्दा धेरै ठूलो थियो। समयकाल परिस्थितिले हिमवतखण्ड विभिन्न टुक्रामा विभाजित हुन पुगेको थियो। चन्द्रगुप्त विक्रमादित्यका छोरा समुन्द्रगुप्तको प्रयागको अभिलेखमा 'कामरुप (आसाम) र कर्कपुर (कुमाउँ)को बीचको देशलाई 'नेपाल' भनी लेखिएको कुरालाई हेर्दा प्राचीनकालमा हिमवतखण्ड नेपाल भन्नाले आजको भन्दा ठूलो पूर्वमा ब्रह्मपुत्र, पश्चिममा हिन्दुकुश, उत्तर हिमालय र गंगासम्मकै प्रभावशाली हिन्दुस्थल थियो भन्ने कुरा थाहा हुन्छ। हिमवतखण्डको यो क्षेत्र पृथ्वीभरमा एउटा स्वर्णभूमि हो।

वशिष्ठ ऋषिले वशिष्ठ उपनिषद्‌मा हिमवतखण्डको 'भारतवर्षे उत्तरायणे हिमालय तटे स्वर्णभूमि स्वर्गभूमि' भनेको कुरालाई हृदयंगम गर्दा यो क्षेत्र कति महान् छ भन्ने कुरा बुझिन्छ। पृथ्वीनारायण शाह तथा उनका कान्छा छोरा बहादुर शाहको नेतृत्वमा चन्द्र-सूर्य अंकित झन्डा फहराएर हिमवत्‌खण्डको अस्मिता र मौलिकता जीवन्त रहेको हो। विशाल नेपालको एकीकरण हुनुभन्दा अगाडि हिमवतखण्डको यो क्षेत्र थुप्रै स-साना राज्यहरुमा विभाजित थियो। यस क्षेत्रमा शक्तिशाली बेलायती साम्राज्यको आँखा परिसकेको थियो। नेपालको एकीकरण हुनुभन्दा अगाडि नेपाली भाषा अनेकौं जातीय भाषाहरुको बीचमा अन्तरभाषाको रुपमा व्यापक भइसकेकाले र सबै राज्यका जनता प्रायः हिन्दु भएकाले राष्ट्रिय एकीकरणमा सजिलो भएको थियो। नेपालको एकीकरणपछि सबै नेपालीको साझा भाषाको रुपमा राज्यको सरकारी भाषाको रुपमा स्वतः रुपान्तरण हुँदा नेपालको राष्ट्रिय एकतामा थप बल पुग्न गएको सबै जाति र समूहले आत्मसात् गरेका थिए। नेपालको एकीकरण हुनुभन्दा अगाडि भारतखण्डमा मुसलमान र अंग्रेजी साम्राज्यको लगभग हजार वर्षसम्म कब्जा जमाएको कारणले भारतीय सभ्यता र हिन्दुधर्म तहसनहस हुने अवस्थामा थियो।

गोर्खाका राजा पृथ्वीनारायण शाहले वि.सं. १७९९ चैत्र २५ गते रामनवमीमा राज्यारोहणपछि तीर्थको लागि वि.सं. १८०० मा बनारसमा विश्वनाथको दर्शन गर्न गएको अवस्थामा मुसलमान शासक औरङ्गजेबले विश्वनाथको मन्दिर भत्काएको र जीर्णोद्धार नभएको अवस्था थियो। त्यसले पृथ्वीनारायण शाह अत्यन्त दुःखी भए। त्यस बेला भारतमा इसाईहरुले हिन्दु मन्दिर भत्काउने, हिन्दुहरुलाई धर्म परिवर्तन गराउने, धर्म परिवर्तन गर्न नमान्ने कट्टर हिन्दुहरुलाई मार्नेजस्ता अनेकौं दुःखदायी अवस्था देखेर पृथ्वीनारायण शाहलाई गोर्खालगायत हिमवतखण्डका थुप्रै हिन्दु राज्यहरुको अस्तित्व जोगाउने प्रेरणा जाग्न पुग्यो। बनारसको भ्रमणको बेला काशी नरेश बलवन्त सिंह पनि इसाईहरुको अत्याचारबाट पीडित भइरहेको अवस्थामा काशी नरेशले पृथ्वीनारायण शाह भेट्दा अत्यन्त खुशी भई पृथ्वीनारायण शाहको सत्कार गरी हिमवतखण्डका हिन्दु राज्यहरुको अस्तित्व जोगाउन सल्लाहसमेत दिएका थिए। भारतमा हिन्दुहरुको दुःखदायी अवस्था देखेर पृथ्वीनारायण शाहलाई गोर्खालगायत हिमवतखण्डका हिन्दु राज्यहरु जोगाउने उत्प्रेरणा जाग्यो। त्यसैले बनारसबाटै केही मुसलमान योद्धा र हतियार बनाउने मुसलमान कालिगढहरु लिएर उनी गोर्खा फर्किई हिमवतखण्डका हिन्दु राज्यहरुको एकीकरण गर्न शुरु गरे। वि.सं. १८०१ देखि साम, दाम, दण्ड, भेदको नीति अख्तियार गरी नेपालको एकीकरणमा लागेको हुँदा आज हामी नेपालीहरु विश्वमा शिर ठड्याएर हिँड्न पाएका छौं। राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले हिमवतखण्डलाई एकीकृत गर्ने सन्दर्भमा काठमाडौं उपत्यकालाई चन्द्रागिरिबाट हेरेर 'यो असल हिन्दुस्थान हो' भनेका थिए। चन्द्रागिरिबाट दृश्यावलोकन गरेको प्रभावले नेपाल एकीकृत भएपछि गोर्खाका राजाले गोर्खा अधिराज्य नभनेर सगौरव यस भूभागलाई नेपाल अधिराज्य भनेर पुकारेका थिए।

साम्राज्यवादी शक्तिसँग भिडेर पृथ्वीनारायण शाह, बहादुर शाहलगायत नेपालका विभिन्न जातिका सपुतहरुले नेपालको सार्वभौमसत्ता बचाएर अनेकौं जाति, भाषा, धर्म र क्षेत्रीयतालाई सन्तुलित राख्न र अनेकतामा एकताको नीति कायम गरेर विशाल नेपालको सिर्जना हुन सकेको हो। त्यस बेला विश्वका धेरैजसो प्रभावशाली कहलिएका राष्ट्रहरु टुक्रा-टुक्रामा विभाजित थिए। नेपालको एकीकरण भएको एक सय वर्षपछि टुक्रा-टुक्रामा विभाजित जर्मनीलाई विस्मार्कले एकीकरण गरेका थिए। नेपालको एकीकरण हुनुभन्दा सय वर्षपछाडि इटाली पनि स-साना राज्यमा विभाजित थियो, जुन कबुर र ग्यालिभर्दीजस्ता सपुतहरुको नेतृत्वमा विशाल इटालीमा परिणत हुन गयो। त्यस्तै नेपालको एकीकरण भएको सय वर्षपछाडि अन्धकारमा गुज्रिरहेको जापान मेजी रेस्टुरेसनपछि राजाको नेतृत्वमा विश्वको नजरमा प्रभावशाली राष्ट्रको रुपमा देखा पर्‍यो। नेपालको एकीकरण हुनुभन्दा दुई दशकभन्दा पछाडि, अहिलेको महाशक्ति राष्ट्रको रुपमा परिचित अमेरिका बेलायतको उपनिवेश थियो। त्यो समयभन्दा पहिले पृथ्वीनारायण शाहले सूर्य र चन्द्रमाको झन्डा फहराएर अंग्रेजी साम्राज्यले खान लागेको अवस्थामा हिमवतखण्ड नेपालका स-साना ५४ भन्दा बढी स्वतन्त्र हिन्दुराज्यहरुलाई एकीकरण गरेर नेपाल विश्वको एकमात्र हिन्दुअधिराज्य बनेको हो।

हिमवत्‌खण्ड नेपालको मौलिकता र महिमा अपरम्पार छ। यस अर्थमा हामी नेपाली भाग्यमानी छौं कि सार्वभौम नेपाल कहिल्यै पनि विदेशीहरुबाट लुटिएन, बिटुलो भएन। नेपालप्रति चीनले अहस्तक्षेपको नीति अपनाउँदै आएको छ। नेपालले चीनबाट कुनै खतरा देखेको छैन। चीन यस्तो मित्र राष्ट्र हो, जो सधैँ नेपालको आन्तरिक मामिलामा कसैबाट हस्तक्षेप नहोस् भन्ने चाहन्छ। कतैबाट हस्तक्षेप हुने आशंका देखेमा चीनले नेपालको पक्षमा खुलेर बोल्दै आएको छ।

अहिलेको संसारमा चीन एक समृद्ध राष्ट्रको रुपमा उभिएको छ। चीनले नेपालको विकासको लागि अनेकौं सहयोग परिपूर्ति गर्न चाहेको छ। त्यो मध्ये 'एक बेल्ट एक रोड' निर्माण गरेर चीनकै सम्पूर्ण खर्चमा केरुङ हुँदै पोखरा, लुम्बिनीसम्म रेलमार्ग पुर्‍याउन नेपालसँग सम्झौता पनि भइसकेको हुँदा बाटो निर्माणमा चीन अगाडि देखा परेको छ। तर अहिले नेपाल संकटग्रस्त अवस्थामा छ। विदेशीहरुको इशारामा चलेको छ। २०६३ सालपछि नेपालमा राजसंस्था र नेपालको पहिचान अनि सुरक्षा अवधारणाको रुपमा स्थापित विश्वको एकमात्र हिन्दु अधिराज्य हटाएर धर्मनिरपेक्ष, गणतन्त्र लादन खोजिएका बेलादेखि नेपाल संरक्षणविहीन अवस्थामा छ। यस्तो बेलामा चीनबाट 'एक बेल्ट एक रोड' चीनकै खर्चमा सम्पन्न हुँदाको अवस्थामा नेपालको सार्वभौमसत्ताको लागि अत्यन्त खतरा हुनेछ। चीनको नेपालको स्वाभिमानमाथि दखल गर्ने नियत नभए तापनि बितेको १० वर्षदेखि सत्तासीनहरु राष्ट्रको देशको सार्वभौमसत्ता, एकता कायम गर्ने, देशको पहिचानहरु बचाउन नचाहने भएकाले नेपाल संरक्षणविहीन भएको अवस्थामा नेपाली जनताको मनस्थिति चीनप्रति बफादार हुन जान्छ। तर नेपालमा राजसंस्था र हिन्दु अधिराज्य कायम रहेको अवस्थामा 'एक बेल्ट एक रोड' को निर्माण नेपालको लागि ठूलो उपलब्धि र देनको रुपमा मानिन्छ। नेपालमा स्थायी संरक्षकको रुपमा राजसंस्था रहेपछि भारत, अमेरिकालगायत विश्वसमुदाय तथा चीनको सौहार्दता नेपालप्रति कायम रहिरहनेछ। त्यस बेला नेपालको सार्वभौमसत्तामा कुनै खतरा आउनेछैन। तर राजसंस्था र हिन्दु अधिराज्य नरहेको अवस्थामा चीनको 'एक बेल्ट एक रोड'को नीति नेपालको लागि अफापसिद्ध हुनेछ।

चीनको दाँजोमा भारतसँग नेपालको समय-समयमा विवादहरु उठेका छन्। भारत स्वतन्त्र भएपछि नेपाललाई आफ्नो प्रभावक्षेत्र बनाउन अनेकौं दाउपेच गरिरह्यो। जवाहरलाल नेहरु र नेहरुपछि इन्दिरा गान्धी, उनीपछि उनका छोरा राजीव गान्धी र राजीव गान्धीकी श्रीमती सोनिया गान्धीको चासोमा भारतीय प्रशासकीय संयन्त्र र उसको गुप्तचर संस्थाबाट नेपालकै पार्टीका गद्दार नेताहरुलाई हातमा लिएर यो हिन्दु र बौद्धस्थलको अस्तित्व समाप्त गर्न साह्रै सताउने काम भएको थियो। २०६२ सालमा यहाँका माओवादी, कांग्रेस, एमालेका नेताहरुलाई हातमा लिएर, १२ बुँदे सहमति गराएर, जनआन्दोलन गराई नेपालको विरुद्ध घातक व्यवहार गरेको थियो। त्यस बेला भारतको नीति नेपालको अस्तित्व समाप्त गर्ने नै थियो। तर अब भारतमा कांग्रेस (आई)को सत्ता समाप्त भएर नेपालको मित्रशक्तिको रुपमा चिनिएको हिन्दुवादी राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) सत्तामा आएको छ। भाजपाको सरकारको नेतृत्व हिन्दु राष्ट्रवादी नरेन्द्र मोदीले गरेका छन्। अब हिजोको जस्तो नेपाल-भारतको सम्बन्ध चिसो नरहला। नेपाल-भारत तथा नेपाल-चीनबीच सुमधुर सम्बन्ध र चिरस्थायी मित्रता कायम गर्न यी छिमेकी मुलुकले पनि नयाँ नेपाल नीति अवलम्बन गरुन्। नेपालले पनि दुवै छिमेकी मुलुकसँग सन्तुलित सम्बन्ध कायम राख्न सक्नुपर्छ। यसबाट तीनै मुलुक लाभान्वित हुनेछन्।

> "अब हिजोको जस्तो नेपाल-भारतको सम्बन्ध चिसो नरहला। नेपाल-भारत तथा नेपाल-चीनबीच सुमधुर सम्बन्ध र चिरस्थायी मित्रता कायम गर्न यी छिमेकी मुलुकले पनि नयाँ नेपाल नीति अवलम्बन गरुन्। नेपालले पनि दुवै छिमेकी मुलुकसँग सन्तुलित सम्बन्ध कायम राख्न सक्नुपर्छ। यसबाट तीनै मुलुक लाभान्वित हुनेछन्।"

## पाठक पत्र

### खडेरी र जलवायु परिवर्तन

लामो समय पानी नपर्नु नै खडेरी हो। खडेरीको अर्थ सुख्खा हुनु हो। खडेरी एउटा प्राकृतिक घटना हो, जुन मौसम र उच्च चाप प्रणालीसँग सम्बन्धित छ। खडेरी बिस्तारै प्राकृतिक प्रकोप बन्दै गएको छ। वैज्ञानिकहरुको भनाइबमोजिम मौसम विज्ञानअनुसार वर्षा हुने स्थान र सुख्खा समयमा पानी परेन भने त्यसलाई मौसमी खडेरी भनिन्छ। जल विज्ञानअनुसार खडेरी पृथ्वीको सतह र उपसतहमा पानीको आपूर्तिमा कमीलाई जनाउँछ। सतहमा तालतलैया, भूमिगत पानीलगायतको कमीका आधारमा यसको आँकलन गरिन्छ। कृषि खडेरी कुनै निश्चित ठाउँमा खास अनाजका लागि माटोमा हुने चिस्यानमा आधारित हुन्छ। खडेरीलाई जुनसुकै नाम दिए पनि यो जलचक्रलाई प्रभावित पार्ने कारक तत्व हो। जलचक्रका कारण पारिस्थितिक पद्धति प्रभावित हुन्छ। यसले जल र स्थलमा अनेकौं समस्या निमत्याउँछ।

विशेषज्ञहरुका अनुसार जलवायु परिवर्तन नै खडेरीको प्रमुख कारण हो। वन विनाश, विश्वव्यापी तापक्रममा वृद्धि, अत्यधिक हरित ग्यास उत्सर्जन आदि जलवायु परिवर्तनका कारण हुन्। नेपालको जनसंख्या विश्व जनसंख्याको ०.४ प्रतिशतभन्दा कम छ। तर नेपालले विश्व उत्सर्जनको ०.०२५ प्रतिशत मात्र हरितगृह ग्यास उत्सर्जन गर्छ, तर पनि नेपालको तापक्रम वार्षिक ०.०५६ डिग्री सेल्सियसका दरले वृद्धि भइरहेको अनुमान गरिएको छ। जलवायु परिवर्तनका कारण नेपालमा अनावृष्टि, अतिवृष्टि, समयमा पानी नपर्ने, वर्षाका दर र गतिमा परिवर्तन, पानी पर्ने दिनमा कमी आदि घटनाहरु कुनै नौलो होइन। अनावृष्टिलाई नै खडेरी भन्ने गरिन्छ।

खडेरीले गर्दा कृषि उत्पादनमा कमी, खानेपानीको हाहाकार, जैविक विविधतामा ह्रास आदि असरहरु नेपालमा देखा परेका छन्। जसले गर्दा देशको आर्थिक अवस्था खस्किनु मात्रै नभई प्रतिव्यक्ति आयमा गिरावट, कुल ग्रार्हस्थ्य उत्पादनमा समेत कमी आउने गर्दछ।

जलवायु परिवर्तनका कारण नै खडेरी हुने कुरामा हामी दुईमत छैनौं। जलवायु परिवर्तन एउटा प्राकृतिक घटना हो। यो निरन्तर परिवर्तन भइराख्ने चक्र हो। यसलाई हामीले रोकेर राकिन्न। परिवर्तन संसारको नियम हो। परिवर्तनअनुसार हामीले जिउन सक्नुपर्दछ। जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न ज्यादै खर्चिलो, समय बढी लाग्ने, बढी साधन-स्रोतको आवश्यकता हुन्छ। जुन हाम्रो जस्तो विकासोन्मुख गरिब देश नेपालले धान्न सक्दैन। जलवायु परिवर्तनबाट सिर्जित प्रकोप हो खडेरी। यसबाट बढी मार गरिब, किसान, महिला आदि वर्गमा पर्दछ। नेपाल जलवायु परिवर्तनको असरका हिसाबले जोखिमयुक्त देश भएकोले खडेरी नेपालको लागि अति नै संवेदनशील विषय बन्दै गएको छ। कृषिमा आधारित जीविकोपार्जन, प्रकोपपूर्व सूचना प्रणालीको अभाव, कमजोर आर्थिक स्थिति, सरकारको अस्थिरता, कमजोर वा अपर्याप्त पूर्वाधार आदि कारणले नेपाल अति नै जोखिममा परेको देश हो। त्यसकारण खडेरीबाट बच्न जलवायु परिवर्तन न्यूनीकरण गर्नुभन्दा सोबाट पर्ने असरबाट अनुकूलन हुन जरुरी छ। अनुकूलन स्थानीय स्तरमै गरिन्छ। अनुकूलन कार्यक्रम अत्यन्तै फाइदाजनक, किफायती, जनउपयोगी हुन्छ। यसले सकारात्मक असरलाई बढावा गर्दछ भने नकारात्मक असरलाई न्यूनीकरण गर्दछ। अनुकूलन कार्यक्रमहरुले तीव्रगतिमा प्रभाव पार्ने गर्दछ। यसले स्थानीय समस्याको सम्बोधन गर्ने गर्दछ। अनुकूलन हुनु एउटा कला हो, यसले आफूलाई परिवर्तित समयअनुसार बाँच्न सिकाउँछ, समस्या समाधान गर्न, प्रकोपविरुद्ध लड्न तयार गराउँछ।

अन्तमा, नखाई बाँच्न सकिँदैन। त्यसकारण हामीले खडेरीबाट लड्नै पर्दछ। कृषिप्रधान देशको साख बचाउनै पर्छ। कृषियोग्य जमिन बाँझो हुनुबाट बचाउन खडेरीबाट सिर्जित समस्याको समाधान गर्न अनुकूलन कार्ययोजनाअनुसार अगाडि बढ्नु आजको आवश्यकता हो। पानीको मुहान सुक्ने प्रकोपबाट अनुकूलन हुन विभिन्न क्रियाकलापहरु जस्तै- वृक्षरोपण गर्ने, जोगाउने, हुर्काउने, बढ्दो तापक्रम सहन सक्ने बोटबिरुवा तथा बालीनालीको नश्ल तयार गरी खेती गर्ने, कृषि वन लगाउने, पानीको मुहान संरक्षण (इन्टेक, ट्याङ्की तथा पाइप लाइन व्यावस्थापन) गर्नु आवश्यक देखिन्छ भने कृषि उत्पादनमा/माटोको उर्वराशक्तिमा ह्रासजस्ता प्रकोपबाट अनुकूलन हुन सिंचाइ पोखरी निर्माण, प्लास्टिक पोखरी मर्मत, आकाशे पानी संकलन, उन्नत जातका बीउ बिजन खरिद, गोठेमल सुधार, गोठ सुधार, कम्पोस्ट मल, पशुमूत्र संकलन, स्प्रे ट्याङ्की खरिद, अगुवा कृषक विकास, कृषक पाठशाला इत्यादि क्रियाकलाप सञ्चालन गर्न जरुरी देखिन्छ। सिंचाइमा असर (खडेरी) बाट बच्न सिंचाइ पोखरी निर्माण, सिंचाइ कुलो निर्माण, आकाशे पानी संकलन गर्नेजस्ता क्रियाकलाप गर्न जोड दिनुपर्ने देखिन्छ।

यसरी खडेरीबाट सिर्जित विभिन्न प्रकोप र यसबाट उत्पन्न समस्याबाट बच्नका लागि हाम्रो जस्तो गरिब देशका जनताले अनुकूलनका लागि क्षमता अभिवृद्धि गर्दै अनुकूलन कार्ययोजनाहरु सञ्चालन गर्न अपरिहार्य देखिन्छ। तब मात्र हामी र हाम्रो देशको सामाजिक, आर्थिक विकास सम्भव छ।

*- हेमचन्द्र महतो (स. वन अधिकृत)*
*वन विभाग, काठमाडौं*

### बस स्टपमा स्मार्ट स्ट्रीट साइन बोर्ड आवश्यक

उपत्यकामा बस स्टपहरुमा स्मार्ट स्ट्रीट साइन बोर्ड राख्न आवश्यक छ। काठमाडौंका मुख्य बस स्टपहरुमा यात्रुलाई कहाँ जाने बस कहाँनेरबाट पाइन्छ भन्ने जानकारी नहुँदा समस्या भएको छ। डिजिटल स्वरुपको बस स्टप साइनबोर्ड तत्काल मुख्य बस स्टपहरुमा जडान गर्नुपर्ने अहिलेको आवश्यकता पनि हो। सुन्धाराअघि बस कुरिरहेका यात्रु पेटी छाडेर रोडमै बस कहाँ जाने भन्ने सोध्न आइपुग्छन्। बसहरु पनि सडकमै यात्रु हाल्छन्। त्यहाँ धेरै यात्रु कहाँ जाने बस कहाँ रोकिन्छ भन्ने थाहा नपाएर अलमलमा हुन्छन्। यसरी यो समस्या समाधानको उपाय स्मार्ट साईनबोर्ड नै हो।

बस स्टपहरुमा यात्रुले स्पष्टरुपमा देख्ने गरी डिजिटल बोर्डहरु नराखेसम्म काठमाडौंको ट्राफिक जामको समस्या समाधान गर्न पनि गाह्रो पर्छ। बोर्ड राखेमा ट्राफिक व्यवस्थानमा पनि सहयोग पुग्छ। यस्ता बोर्डहरु राखेर ट्राफिक कारबाही चुस्त नगर्दा जहाँ मन लाग्यो त्यहीँ बस र सार्वजनिक सवारी रोकेर यात्रु हाल्ने प्रचलन पनि बढेको जस्तो मलाई लागेको छ। यात्रुहरु अलमलमा पर्दा र सडकसम्म बस खोज्दै आउँदा दुर्घटनाको पनि जोखिम बढ्छ।

त्यसकारण काठमाडौं उपत्यकामा अब स्मार्ट स्ट्रीट साइन बोर्ड राख्नुपर्ने टड्कारो आवश्यकता छ। स्मार्ट बोर्डहरु राखेर बसलाई यात्रु हाल्न र ओराल्न १/२ मिनेटभन्दा बढी समय रोक्नै दिन नहुने नियम बनाउनुपर्ने जस्तो मलाई लागेको छ। भित्रका यात्रु ओरालेर बाहिरका यात्रु चढाएपछि बस त्यहाँ रोकिराख्न दिनै हुँदैन। त्यसैले स्मार्ट स्ट्रीट साइन बोर्डबारे महानगरपालिकाले छिट्टै निणर्य गर्नु जरुरी छ। भर्खर आएका मेयरको यो विषयमा ध्यान जाओस्।

*- अरुणकुमार मानन्धर, पुतलीसडक, काठमाडौं*

## सामाजिक सञ्जाल



म र मेरो समाजमा मानवताको नाममा बाँकी नै यत्ति रहेछ, जुन मनभित्रको पीडा र जलनलाई पागलपन देखिन्छ, गलत र फट्याइँलाई चतुर मानिन्छ !

**Binod Dhungana**
**@binodfgr**



जिन्दगीमा हरेक समस्या केवल दुःख-पीडा दिनका लागि मात्र आउने होइन, कहिलेकाहीं हामीभित्रको शक्ति अनि गुण मापनको लागि पनि आउने गर्छ।

**HBD विपिन**
**@SonOfKarki**



प्रधानन्यायाधीश सिफारिस र भरतपुर प्रकरण मुद्दा जेलिँदै गए। जालमा कोही सिकार होलान् वा दुवै उम्केलान् ?

**NARAYAN KAFLE**
**@kaflepost**

दुई नम्बर प्रदेशमा निर्वाचन नभए पनि राजपाले बन्दको आह्वान गरेको भन्दै जनकपुरमा केही युवाहरूले आक्रोश व्यक्त गरेका छन्। जनकपुरधामका स्थानीय युवाहरूले दुई नम्बर प्रदेशमा निर्वाचन नभए पनि बन्द गरेर जनतालाई सास्ती दिइएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।

# पुन: मतदान गराउन एमालेको माग

काठमाडौं, (नेस)

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले निर्वाचनका क्रममा सत्तारुढ पार्टीद्वारा गरिएको सत्ताको दुरुपयोगप्रति आपत्ति जनाएको छ। अछाम, बझाङ, डोटी, डडेल्धुरा, कैलालीलगायतका जिल्लामा राज्यसत्ताको दुरुपयोगबाट जनमतलाई प्रभावित पार्ने कोशिस गरिएको भन्दै आपत्ति जनाएको हो।

नेकपा एमालेका प्रचार विभाग प्रमुख योगेश भट्टराईद्वारा जारी विज्ञप्तीमा अछामको साँफेबगर नगरपालिका-७ स्थित सरस्वती मावि मतदान केन्द्रमा हुलहुज्जत गरी मतदान केन्द्र कब्जा गरिएको बताइएको छ। अछामको मेल्लेख, पञ्चदेवल नगरपालिकाको विनायक, बझाङको चैनपुर, कैलालीको बद्रगारियालगायतका ठाउँमा सत्ताको आडमा व्यापक धाँधली गरिएको बताउँदै विज्ञप्तीमा पहिलो चरणको निर्वाचनमा यस्तै धाँधली भएकोमा संसद्बाट संसदीय छानबिन समिति बनिसकेको अवस्थामा पुन: यस्ता गतिविधि दोहोऱ्याइनुले चिन्तित बनाएको बताउनुभयो। यस्ता घटनाको भर्त्सना गर्दै एमालेलेसत्ता-संरक्षित धाँधली भएका मतदान केन्द्रहरूमा पुन: मतदान गराउन माग गरेको छ।

दोस्रो चरणको निर्वाचनमा उत्साहका साथ भाग लिने राजनीतिक दलहरू, उम्मेदवारहरू, राजनीतिक कार्यकर्ताहरू र मतदाता, निर्वाचनका आधारभूत मूल्य र मान्यतामा बसेर निर्वाचन सम्पन्न गराउन जिम्मेवारी निर्वाह गर्ने निजामती कर्मचारी, सुरक्षाकर्मी र पर्यवेक्षकहरूलाई समेत एमालेले धन्यवाद दिएको छ।

प्रचार विभाग प्रमुख भट्टराईले नर्वाचनको सफलताले संविधानसभाबाट जनताका प्रतिनिधिहरूले निर्माण गरेको संविधान कार्यान्वयनमा ठोस योगदान पुगेको बताउनुभएको छ। सत्तारुढ गठबन्धनले प्रदेश नम्बर दुईका जनतालाई यस प्रक्रियाबाट अलग गर्ने जुन हर्कत गरेको छ, यसबाट उनीहरूको लोकतान्त्रिक अधिकार मात्र खोसिएको छैन, संविधान कार्यान्वयन र लोकतान्त्रिक प्रक्रियामा नै गम्भीर आघात पुऱ्याएको छ, विज्ञप्तीमा भनिएको छ।

# माओवादीको चेतावनी

हेटौंडा, (नेस)

पक्राउ गरिएका आफ्ना ३ नेतालाई तत्काल रिहा नगरे नेकपा माओवादीले २ दिन मकवानपुर बन्दको चेतावनी दिएको छ।

बुधबारका लागि घोषित स्थानीय तह दोस्रो चरणको निर्वाचन बिथोल्न सक्ने आशंकामा नेकपा विप्लवका मकवानपुर जिल्ला इञ्चार्ज ज्वाला, सचिवालय सदस्यद्वय मजदुर नेता सोम घलान र दिलीप स्यांतान मंगलबार पक्राउ परेका थिए। मकवानपुर प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूलाई रिहा नगरे असार १६ र १७ गते मकवानपुर बन्द गरिने पार्टी नारायणी ब्युरो इञ्चार्ज चिरण पुनले विज्ञप्ति प्रकाशन गरी चेतावनी दिएका हुन्। पार्टीले जिल्लाभर प्रचारप्रसार तथा जिल्लाव्यापी जनकारबाहीलाई तीव्रता दिइने बताएको छ। उनीहरूलाई रिहा नगरे विरोधका योभन्दा सशक्त कार्यक्रम ल्याइने पार्टीले जनाएको छ।

स्थानीय तह निर्वाचन खारेज अभियान चलाइरहेको नेकपालाई सरकारले उच्च निगरानी गरिरहेको छ। निर्वाचनका बेला मकवानपुरमा भएको विभिन्न घटनालाई जोडेर उनीहरूलाई पक्राउ गरिएको प्रहरीस्रोतले बताएको छ।

पार्टीको नारायणी ब्युरो इञ्चार्ज पुनले विज्ञप्ति प्रकाशन गरी उनीहरूलाई बिनाशर्ता अविलम्ब रिहा नगरे यसबाट उत्पन्न हुनसक्ने परिस्थितिको जिम्मेवार वर्तमान सत्ता नै हुने दाबी गरेका छन्।

नेकपाका जिल्ला सेक्रेटरी राम घलानले बिनाकारण नेता/कार्यकर्ता प्रहरीले समातेर 'राम्रो काम नगरेको' प्रतिक्रिया दिएका छन्। उनले तुरन्त रिहा गर्न आग्रह गरेका छन्। चुनाव विरोध कार्यक्रममा संलग्न रहेको आरोपमा प्रहरीले देशैभर नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका करिब २ सय कार्यकर्तालाई पक्राउ गरेको थियो।

# मधेसमा सेनाको बलमा निर्वाचन गराइयो : राजपा

काठमाडौं, (नेस)

स्थानीय तहको दोस्रो चरणको निर्वाचनका विरुद्ध राष्ट्रिय जनता पार्टी नेपालले गरेको बन्दप्रति २ नम्बर प्रदेशमा आक्रोश व्यक्त गरिएको छ।

दुई नम्बर प्रदेशमा निर्वाचन नभए पनि राजपाले बन्दको आह्वान गरेको भन्दै जनकपुरमा केही युवाहरूले आक्रोश व्यक्त गरेका छन्। जनकपुरधामका स्थानीय युवाहरूले दुई नम्बर प्रदेशमा निर्वाचन नभए पनि बन्द गरेर जनतालाई सास्ती दिइएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।

जनकपुरधामका युवा रियाज साफीले अन्य प्रदेशमा निर्वाचन भइरहँदा २ नम्बर प्रदेश बन्द गर्नु उपयुक्त नभएको बताउनुभयो।

यता राजपाका नेता महेन्द्र राय यादवले आमहड्तालको घोषणा पहिलेदेखि नै भएकोले आन्दोलनलाई निरन्तरता दिइएको बताउनुभयो। उहाँले निर्वाचनको विरुद्धमा आन्दोलन जारी रहेको बताउँदै केही प्रदेशमा सरकारले बलपूर्वक निर्वाचन गराएको दाबी गर्नुभयो।

यादवले नेपाल समाचारपत्रसँग कुरा गर्दै भन्नुभयो- 'सरकारले सेनाको प्रयोग गरेर निर्वाचन गराएको छ। बल प्रयोग गरी भएको निर्वाचनप्रति हाम्रो समर्थन छैन।'

यादवले राजपाको बन्दबाट दुई नम्बर प्रदेशका सर्वसाधारणमा पर्न गएको असुविधा प्रति आफूहरू चिन्तित रहेको बताउनुभयो। राजपाको बन्दले बुधबार २ नम्बर प्रदेशको जनजीवन प्रभावित बनेको छ।

# राणा जेल चलान

काठमाडौं, (नेस)

सर्वोच्च अदालतबाट भ्रष्टाचारी ठहर भएका सुडान घोटालामा आरोपित नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक रविप्रताव राणा जेल चलान भएका छन्।

सुडान घोटालाका आरोपित काठमाडौं महानगरपालिका-४ कपन मार्ग लोसाल बस्ने राणा बुधबार सर्वोच्च अदालतमा गएर आत्मसमर्पण गरी जेल चलान भएको सर्वोच्च अदालतबाट थाहा भएको छ।

राणाले सजाय छुटका लागि सर्वोच्च अदालत पुगी आत्मसमर्पण गरेका हुन्। फैसला भएको ६० दिनभित्र आफैं अदालतमा आएर फैसला कार्यान्वयनमा सहयोग पुऱ्याएबापत अदालतले त्यस्ता आरोपितलाई सजायमा २० प्रतिशत छुट दिने कानुनी प्रावधान छ।

राणालाई कसुरको मात्राअनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जनही छ महिना कैद र रु ३० हजार जरिवाना ठहर गरेको सर्वोच्च अदालतले फैसला सुनाएको थियो।

# नाकामा हेल्थ डेक्स स्थापना

रसुवा, (नेस)

चीनसँगको एक मात्र व्यापारिक नाका रसुवागढीमा हेल्थ डेक्स स्थापना गरिएको छ। दुई देशबीचको नाकामा फैलन सक्ने सरुवा रोगको समयमा नै पहिचान गरी त्यसको नियन्त्रण र न्यूनीकरण गर्नका लागि डेक्स स्थापना गरिएको हो।

दुई जना हेल्थ असिस्टेन्ट राखेर अस्थायी टहराबाट आजदेखि सेवा शुरू गरिएको हो।

# ठाउँठाउँमा बम डिस्पोज

काठमाडौं, (नेस)

देशका विभिन्न स्थानमा शंकास्पद रूपमा फेला परेका बिष्फोटक पदार्थ प्रहरीको सक्रियतामा निष्क्रिय पारिएको छ। ती स्थानहरूमा बिष्फोटक पदार्थ फेला परेको छ भन्ने सूचना प्राप्त हुनासाथ तत्काल घटनास्थलमा खटिएको स्थानीय प्रहरीको समन्वयमा नेपाली सेनाको स्थानीय युनिटको टोलीले मंगलबार र बुधबार बिष्फोटक पदार्थ निष्क्रिय बनाएको हो।

बिष्फोटक पदार्थ फेला पारी निष्क्रिय पारिएका ठाउँहरूमा कञ्चनपुर बेलौरी नगरपालिका-३ बुट्टाबारी, कञ्चनपुर भिमदत्त नगरपालिका-८ स्थित तिलापुर इँटाभट्टा नजिक, कञ्चनपुर महाकाली नगरपालिका-४ चाँदनी बजार, अछाम तुर्माखाँद गाउँपालिका-८ सुनारा टाकुरा र अछाम ढकारी गाउँपालिका-१ गुरुकुल मावि रहेका छन्।

साथै बर्दिया गुलरिया नगरपालिका-१ र मधुवन नगरपालिका-९ स्थित सडक, बाँके कोहलपुर नगरपालिका-११ चौराहास्थित सडक, खोटाङ लामीडाँडा गाउँपालिका-५ स्थित गंगोदय मावि, खोटाङ रुपाकोट मझुवागढी नगरपालिका-७ स्थित विद्योदय उच्च मावि, मोरङ कानेपोखरी गाउँपालिका-६ स्थित रमाइलो बजार चोक, बाजुरा हिमाली गाउँपालिका-५ स्थित मंगलमय प्रावि नन्दापाटा र कञ्चनपुर पुनर्वास नगरपालिका-३ रामबस्तीमा बुधबार फेला परेका शंकास्पद बस्तु डिस्पोजका लागि समन्वय तथा आवश्यक पहल भएको छ।

बिष्फोटक पदार्थ राख्ने व्यक्तिहरूको खोजी गर्नुका साथै घटनाका सम्बन्धमा स्थानीय प्रहरीले थप आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

# सहकारीको नगद चोरी

काठमाडौं, (नेस)

शंकरापुर नगरपालिका-६ स्थित मेरिडियन बचत तथा ऋण सहकारी संस्थाबाट ६ लाख २६ हजार ३ सय २० रुपियाँ चोरी भएको छ।

मंगलबार बिहान संस्थाका कोषाध्यक्ष सोही ठाउँ बस्ने जगन्नाथ श्रेष्ठले सहकारीमा राखिएको रकम गन्ती गर्ने क्रममा उक्त नगद नपुगेपछि चोरी भएको खुल्न आएको थियो। कार्यालयमा कोही प्रवेश गरेको नदेखिएको, कार्यालयको झ्याल तथा ढोका कुनै नफुटाएको र नगद राखेको घर्राको चावी खुल्ला अवस्थामा रहेको पाइएको छ।

नगद चोरीका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

सिनेमा कर्नर

TODAY'S MOVIES
Tubelight 8:20, 11:20 2:20, 5:20
रातो घर 8:20, 11:20 2:20, 5:20
Raabta 8:20, 11:20 2:20, 5:20
Kidnap 8:20, 11:20 2:20, 5:20
तारेभिर 8:20, 11:20 2:20, 5:20
लाल्टीन 8:20, 11:20 2:20, 5:20
पर्व 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Tubelight
तारेभिर
राधे
लाल्टिन
Kidnap
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६







माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

# उपत्यकामा घटे पन्छी

## पछिल्लो गणनामा ७२ प्रजातिका ६ हजार ६ सय ३६ पन्छी फेला परेका छन्।

टीका बन्धन, काठमाडौं

काठमाडौं उपत्यकाका रैथाने र आगन्तुक पन्छीको चहल-पहल घटेको पाइएको छ। उपत्यका केन्द्रित अध्ययन/अवलोकनले करिब १ दर्जन पन्छीको संख्या मात्र सन्तोषजनक देखाएको छ।

घर काग, परेवा, घर भगेरा, वस्तु वकुल्ला, घर गौंथली, डाङ्ग्रे रुपी, रुख भगेरा, जुरेली, वन रुपी, कालो चिल जस्ता पन्छीको संख्या तुलनात्मक रुपमा राम्रो रहे पनि अन्यको चहल-पहल बाक्लो छैन। नेपाल पन्छी संरक्षण संघ (वीसीएन)को अगुवाइमा भर्खरै सम्पन्न गृष्मकालीन गणनामा उपत्यकामा विभिन्न ७२ प्रजातिका ६ हजार ६ सय ३६ पन्छी फेला परेका थिए।

गृष्मकालीन गणनामा उल्लेखित १० प्रजातिको संख्या ५ हजार ७ सय ४६ रहेको संघले जनाएको छ। त्यसै गरी गत हिउँद याममा उपत्यकामा विभिन्न ९३ प्रजातिका ७ हजार ८ सय पन्छी भेटिएका थिए। हिउँदको गणनाका क्रममा भेटिएका पन्छीकै प्रजातिको चहल-पहल गर्मी याममा पनि दोहोरिएको संघका प्रमुख कार्यकारी अधिकृत डा. नरेन्द्र बाबुमान प्रधानले बताउनुभयो।

उहाँका अनुसार उपत्यकाका ३ वटै जिल्लाका मध्य शहरी, अर्ध शहरी र काँठ क्षेत्रका २ दर्जनभन्दा बढी स्थानमा एक हप्ता लामो गणना केन्द्रित थियो। बढ्दो शहरीकरणका कारण पन्छीको चहल-पहल घट्दै गएको बताउँदै श्रेष्ठले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'अहिलेको गणना पर्याप्त र पूर्ण होइन, तर नमूना सर्वेक्षणलाई नियाल्दा सहरी क्षेत्रका पन्छीको संख्या सन्तोषजनक छैन।' यस्तो सर्वेक्षण गत वर्षबाट शुरु भएकाले उपत्यकामा कति वर्षमा कति प्रजातिको संख्या घट्यो भनेर अहिले नै यकिन गर्न नसकिने उहाँको भनाइ छ।

बढ्दो आधुनिकता र शहरीकरणसँगै वासस्थानमा आएको प्रभाव, आहराको समस्या, ध्वनि र वातावरण प्रदूषणजस्ता कारणले सहरी क्षेत्रमा पन्छीको चहल-पहल घट्दै गएको विज्ञहरूको ठहर छ। त्यस्तै कारणले मानव वस्तीमा घुलमिल हुने, पुराना शैलीका घरमा गुड लगाउने भगेरा, परेवा, गौंथली, जुरेली जस्ता पन्छीको संख्या पातलिँदै गएको विज्ञहरूको अनुमान छ। मिलचरा, थाप्रे, ढुकुर, पात सिउने फिस्टा, कर्रा सुगा, गोमायु महाचिलको संख्या वर्षेनी पातलिँदै गएको पन्छीविद्हरू बताउँछन्।

हिउँदे आगन्तुक गोमायु महाचिलको प्रजाति विश्वमै संकटासन्न सूचीमा सूचीकृत भइसकेको छ भने कर्रा सुगा खतरानजिक सूचीमा रहेको छ। तर शहरी क्षेत्रमा बढ्दो बस्ती बिस्तारसँगै भगेरा, गौंथलीजस्ता घरमा गुड लगाउने पन्छीको चहल-पहल अर्धशहरी क्षेत्रमा स्थानान्तरण भइरहेको वीसीएनका संरक्षण अधिकृत ज्योतेन्द्र ठकुरी बताउनुहुन्छ।

वीसीएनले गत वर्ष गरेको गणनाअनुसार उपत्यकामा हिउँदयाममा ८५ र गर्मीयामको शुरुआतमा ६३ प्रजाति पन्छीका प्रजाति फेला परेका थिए। यसपटकको हिउँदको गणनाकार्यमा ३५ जना स्वयंसेवी चरा अवलोकनकर्ता खटिएका थिए भने गृष्मकालीन गणनामा २५ जनाको टोली थियो।

## मतदानमा... लाइनमै मृत्यु

पाल्पा, (नेस)

पाल्पाको बगनासकाली गाउँपालिका वडा नं ६ का एक वृद्धको मतदानमा लाइन लागेकै अवस्थामा बुधबार निधन भएको छ।

दमका रोगी ८४ वर्षीय पूर्णचन्द्र भट्टराईको याम्घा मतदान केन्द्रमा मत दिन लाइनमा बसिरहेका बेला निधन भएको हो।

## प्रमको सुरक्षामा खटिएका आफैं असुरक्षित

धनगढी, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवाको सुरक्षाका लागि खटिएको प्रहरी टोली सवार जिप धनगढी-डडेलधुरा (भीमदत्त) राजमार्ग अन्तर्गत पर्ने कैलालीको फल्टुडेमा बुधबार दुर्घटनामा परेको छ। से १ ज १५०३ नं को सो जिप सडकमै पल्टिँदा नौ प्रहरी घाइते भएकामा दुई जनाको अवस्था केही गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता वीरबहादुर बुढा मगरले बताए। प्रधानमन्त्री देउवा आफ्नो गृहजिल्ला डडेलधुरामा मतदान गरी धनगढीतर्फ आउन लाग्दा सुरक्षा टोली खटिएको हो।

## पहिरोले...

मङ्गले थामीको १५ वर्षीय छोरी रोशनी थामी र १२ वर्षीय छोरी सन्तोषी (ऋतु) थामी बेपत्ता भएका छन्।

बेपत्ता दुई जना बालिकाको खोजी भइरहेको दोलखाका प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीले बताए। घट्नास्थलमा खरीढुङ्गा बेस क्याम्पबाट प्रहरी नायब निरीक्षक (सई) देबबहादुर केसीको कमान्डमा ३० जना प्रहरी टोली खटाइएको पनि प्रहरी नायब उपरीक्षक कार्कीले बताए।

मङ्गलेको घर आसपास जमिन केही चिरिएकाले अविरल वर्षा भएपछि छिमेकीले मङ्गलेको परिवारलाई अन्यत्र सर्न भनेका थिए। वर्षा निरन्तर भएपछि राति करिब १० बजेतिर छिमेकी वविता थामीले फोन गरेर अन्यत्र सर्न मृतक शान्ति थामीलाई भनेको तर उनले आफू थाकेर आएको भन्दै अन्यत्र जान नमानेको मङ्गले थामीले बताए। मृतक पत्नी शान्ती थामीको शवनजिक टोलाइरहेका मङ्गलेले भने मलाई पेट सञ्चो नभएकोले सौच गर्न गएको थिएँ, सौच गरेर १० मिनेटमा घर फर्कंदा घर परिवार सबै बगाएछ।

सोमबार बेलुकादेखिनै पेट ठीक नभएपछि आफू राति ११:३० तिर सौच गर्न गएको र त्यतिबेला शान्तिले पनि घरबाहिर निस्किएर वरपर हेरेकी थिइन मङ्गलेले भने- त्यसपछि हामी दुबै घरभित्र गएर सुत्यौं। पहिलोपटक सौच गरेर फर्किएको १५/२० मिनेटमा आफूलाई फेरि सौच गर्न मन लागेर सौचालय गएको र फर्कंदा घरपरिवार सबै बगाएको मङ्गलेले बताए।

मङ्गले र मृतक लाटी थामीको घर तल माथि थियो। मृतक शान्तिको शव घरभन्दा झण्डै २ सय मिटर तल क्याथली खोलामा भेटिएको थियो भने लाटी थामीको शव उनको घर भएकै ठाँउमा पुरिएको अवस्थामा भेटिएको थियो। मृतक लाटी थामीको कोही नभएकाले उनी घरमा एक्लै बस्दै आएको स्थानीय रमेश केसीले बताए। पहिरो गएको थाहा पाएपछि आफू सोमबार राति करिब १:३० बजे नै घट्ना भएको ठाउँमा पुगेर बेपत्ताको खोजीमा लागेको केसीले बताए।

अविरल वर्षाका कारण लाकुरीडाँडाको कुतुदे, गोगने, डाँडागाउँ, लामपाते र आहालडाँडाका करिब ९५ घर जोखिममा रहेको र कुतुदेको करिबकरिब १५ घर तत्काल अन्यत्र सर्नुपर्ने भएको स्थानीय गजेन्द्रबहादुर श्रेष्ठले बताए। घट्ना स्थल पुगेर फर्किएका भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले पहिरोबाट प्रभावित परिवारलाई तत्काल राहतका लागि खाद्यान्न सामाग्री दिइएको र विस्थापित परिवारलाई तत्कालका लागि सुर्के मावि भण्डारेमा राखिएको बताए। मृतकको परिवरलाई राहत र पहिरोबाट प्रभावित घर परिवारलाई कता सार्न सकिन्छ भन्ने विषयमा छलफल भइरहेको नगर प्रमुख केसीले बताए।

## ७०.५

निर्वाचनका लागि ४ हजार ८ सय ६१ मतदानस्थलमा ८ हजार ३ सय ६४ मतदान केन्द्र निर्धारण गरिएको छ।

मतदान केन्द्रहरूमा मतदाताहरू बिहान ७ बज्नुअघिदेखि नै मतदान केन्द्रअघि पङ्क्तिबद्ध भएर बसेका थिए। मतदानमा युवापुस्तादेखि जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, किरियापुत्री, दीर्घरोगी र दृष्टिविहीनहरू पनि उत्सुकतापूर्वक सहभागी भएको पाइयो। सुरक्षा व्यवस्था प्रभावकारी रहयो। निर्वाचन शिक्षा प्रभावकारी नहुनुका बाबजुद शहरी तथा ग्रामीण क्षेत्रमा राजनीतिक दलसंगै स्वतन्त्र उम्मेदवारहरू कतैकतैबाट मतदाताहरूलाई मतदान गर्न प्रेरित गरेको देखियो।

यस पटकको मतपत्रको आकार निकै ठूलो भएकोले क्रस भोटिङ र मतदान गर्ने प्रक्रिया जटिल, ज्येष्ठ नागरिक मात्र नभइ पढेलेखेका शिक्षितहरू पनि अलमल भएको निर्वाचन पर्यवेक्षकहरू बताउँछन्। भोट हाल्न मतदाताहरूले कम्तीमा १ मिनेट देखि ३ मिनेटसम्म लगाएका थिए। मतपत्रमा गाउँपालिका नगरपालिका प्रमुख र उपप्रमुखसंगै सातौ कोठामा स्वस्तिक चिन्ह लगाइ वा खोजेर चिन्ह लगाउन समय अलि लागेको निर्वाचनमा खटिएका पर्यवेक्षकहरूको भनाइ रहेको छ।

बालाजु नयाँ बसपार्क, टर्मिनल भवन काठमाडौं, फोनः ०१-६९१६९१३
प्रो. केदार चौलागाई, मो. नं. : ९८४१७७४३५१
प्रो. मिलन चौलागाई, मो.नं. :९८४१४८९०६५
(कुनै पनि किसिमका मोबाईल, घडि, चस्मा, क्यामरा, इलेक्ट्रोनिक्स सामानहरु बिक्री गर्नुको साथै मर्मत पनि गरिन्छ)

**New Sandesh Printers**
Dhalko-17, kathmandu, Nepal
Tel: 4258025

---

| | | | | | |
|---|---|---|---|---|---|
| जगतपाल श्रेष्ठ<br>त्रिपुरेश्वर, काठमाडौं | सानुनानी श्रेष्ठ<br>त्रिपुरेश्वर, काठमाडौं | रामेश्वरी देवी श्रेष्ठ<br>कुलेश्वर, काठमाडौं | विश्वरुपा श्रेष्ठ<br>छाउनी, काठमाडौं | मिरादेवी श्रेष्ठ<br>सामाखुशी, काठमाडौं | बाल कृष्ण श्रेष्ठ<br>त्रिपुरेश्वर, काठमाडौं |
| शान्त कृष्ण श्रेष्ठ<br>त्रिपुरेश्वर, काठमाडौं | रविकृष्ण श्रेष्ठ<br>मरू इलाछेँ, काठमाडौं | गौतमकृष्ण श्रेष्ठ<br>धापासी, काठमाडौं | जयप्रकाश प्रधान<br>न्यूरोड, काठमाडौं | उमेशलता श्रेष्ठ<br>ज्याठा, काठमाडौं | विश्वपाल श्रेष्ठ<br>टेकु, काठमाडौं |
| नरेश प्रकाश प्रधान<br>न्यूरोड, काठमाडौं | अनङ्गपाल श्रेष्ठ<br>त्रिपुरेश्वर, काठमाडौं | महेश प्रकाश प्रधान<br>न्यूरोड, काठमाडौं | हरिगोपाल श्रेष्ठ<br>विजेश्वरी, काठमाडौं | बलराम श्रेष्ठ<br>खिचापोखरी, काठमाडौं | मुकुन्दमान श्रेष्ठ<br>धुम्बाराही, काठमाडौं |
| ई. कृष्ण प्रसाद श्रेष्ठ<br>कुलेश्वर, काठमाडौं | मिरा श्रेष्ठ<br>यट्खा, काठमाडौं | लक्ष्मण नारायण श्रेष्ठ<br>कुपण्डोल, ललितपुर | सरोज प्रसाद श्रेष्ठ<br>नयाँ बानेश्वर, काठमाडौं | रमेशमान श्रेष्ठ<br>क्षेत्रपाटी, काठमाडौं | बद्री कुमार श्रेष्ठ<br>झम्सीखेल, ललितपुर |
| रजनी श्रेष्ठ<br>दरबारमार्ग, काठमाडौं | रमेशलाल श्रेष्ठ<br>लाजिम्पाट, काठमाडौं | विपिन तिम्ला<br>सितापाइला, काठमाडौं | मनोहर लाल श्रेष्ठ<br>स्वयम्भू, काठमाडौं | डा. रघुनाथ श्रेष्ठ<br>बसुन्धारा, काठमाडौं | केदारनाथ श्रेष्ठ<br>बुद्धनगर, काठमाडौं |
| पुरुषोत्तम श्रेष्ठ<br>ठहिटी, काठमाडौं | डा. किशोर प्रधान<br>गौशाला, काठमाडौं | जय गोपाल श्रेष्ठ<br>बागबजार, काठमाडौं | सुनिल सैंजु<br>बागबजार, काठमाडौं | ई. सरविन श्रेष्ठ<br>ज्याठा, काठमाडौं | कविन्द्र प्रधान<br>बिजुलीबजार, काठमाडौं |
| ई. साकार श्रेष्ठ<br>बालुवाटार, काठमाडौं | प्रतिक श्रेष्ठ<br>विशालनगर, काठमाडौं | शुसिला श्रेष्ठ<br>ठहिटी, काठमाडौं | सरजुबाबा श्रेष्ठ<br>थापाथली, काठमाडौं | राजुलाल श्रेष्ठ<br>बाफल, काठमाडौं | विकललाल श्रेष्ठ<br>बाँसबारी, काठमाडौं |
| सुरजलाल श्रेष्ठ<br>बालुवाटार, काठमाडौं | जयस श्रेष्ठ<br>बालुवाटार, काठमाडौं | सुदर्शन नारायण जोशी<br>लगनखेल, ललितपुर | सुरज कायष्ठ<br>कुपण्डोल, ललितपुर | मनिष कृष्ण श्रेष्ठ<br>धोबिघाट, ललितपुर | अजर बहादुर प्रधानाङ्ग<br>कमलाढी, काठमाडौं |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रशन्न श्रेष्ठ<br>बबरमहल, काठमाडौं | राकेश श्रेष्ठ<br>कुपण्डोल, ललितपुर | अन्जन ताम्राकार<br>रविभवन, काठमाडौं | विनोद श्रेष्ठ<br>बाफल, काठमाडौं | समिृश शाक्य<br>नयाँबजार, काठमाडौं | केशविन वज्राचार्य<br>चाकुपाट, ललितपुर | देवेन्द्र मानन्धर<br>कलंकी, काठमाडौं | विमलेन्द्र मल्ल<br>बसुन्धारा, काठमाडौं | नविन राजभण्डारी<br>ताहाचल, काठमाडौं | गौरव अमात्य<br>चावहिल, काठमाडौं |

# अर्थ

परिसूचक नकारात्मक हुँदा बुधबार कारोबारमा आएका ७ मध्ये ४ वटा समूहमा सुधार आएको छ। होटल, विकास बैंक, वित्त र बीमा समूहका परिसूचक सकारात्मक भए पनि बैंकिङ, जलविद्युत् र अन्य समूह भने ओरालो लागेका छन्। यस दिन उत्पादनमुलक समूहको भने कुनै कारोबार भएन।

2017, JUN
Thursday
29

## बैंक अफ काठमाण्डू र एनएलजी इन्स्योरेन्सबीच बैंकासुरेन्स सम्झौता

काठमाडौं, (नेस)। बैंक अफ काठमाण्डू र एनएलजी इन्स्योरेन्स कम्पनीबीच बैंकासुरेन्स सेवा प्रदान गर्ने सम्झौता भएको छ। बैंक र इन्स्योरेन्स कम्पनीबीच सम्झौतापत्रमा बुधबार हस्ताक्षर भएको हो। यस सेवाअन्तर्गत बैंकका ग्राहकले निर्जीवन बीमा सेवा सुलभ र छरितो रूपमा बैंकका सबै शाखाबाट उपभोग गर्न सक्ने व्यवस्था मिलाइएको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY Fe 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।
नेपालमा पहिलो पटक, नेपालकै लागि
NS:191 IS:1786
Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...

SAURABH GROUP
नेपालकै एक मात्र
EUROPEAN VRM MACHINE बाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य

# २० बोरा शिवम् सिमेन्ट किन्दा १ बोरा सित्तैमा

नेपाल समाचारपत्र
काठमाडौं




शिवम् सिमेन्टले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत 'हाम्रो तर्फबाट एक नामक नयाँ स्किम ल्याएको छ। उक्त स्किमअन्तर्गत शिवम् सिमेन्टको प्रत्येक २० बोराको खरिदमा अर्को १ बोरा शिवम् सिमेन्ट सित्तैमा दिने योजना ल्याएको हो।

शिवम् सिमेन्टका निर्देशक सुरेन्द्र गोयलले शिवम् सिमेन्टले ओपीसी सिमेन्टमात्र उत्पादन गर्ने र बजारमा शिवम् नामको एउटामात्र कम्पनीको उत्पादन रहेकोले गुणस्तरमा बढी ध्यान दिइएको बताउनुभयो।

निर्देशक गोयलले भूकम्पपछि पुनर्निर्माणको क्रममा कम्पनीले टोल फ्रि नंम्बरमार्फत निर्माण र प्रविधिका विषयमा सर्वसाधारणलाई नि: शुल्क जानकारी दिन चौबिसै घण्टा ट्राफिक भ्यानको व्यवस्था गरिएको र प्राविधिकसँग सल्लाह लिन सकिने बताउनुभयो।

यसअघि शिवम् सिमेन्टले गत वर्षको दशैं, तिहार र छठ पर्वको अवसरमा पनि चाँदी नै चाँदी नामक योजना स्वरूप सम्मान व्यक्त गरेको थियो। सो योजनाअन्तर्गत, चाडपर्वको अवसरमा शिवम् सिमेन्टले प्रत्येक ४० बोरा सिमेन्टको खरिदमा १० ग्राम लक्ष्मी-गणेश अकिंत चाँदीको सिक्का उपहार योजना लागू गरेको थियो।

शिवम् सिमेन्टका उपाध्यक्ष साजन देवकोटाले सामाजिक उत्तरदायित्वअन्तर्गत उपभोक्तालाई 'एक हाम्रोतर्फबाट नामक नयाँ स्किम ल्याइएको बताउनुभयो। आफ्नै चुन ढुंगा खानीबाट ल्याइएको उच्च कोटीको चुन ढुंगा प्रयोग गरी शिवम् ओपीसी सिमेन्ट उत्पादन गर्दै आएको कम्पनीले जनाएको छ।

मकवानपुरको गढी क्षेत्रमा आफ्नै चुनढुंगा खानी भएको शिवम् शिमेन्टले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न समयमा सडक निर्माण, खानेपानी व्यवस्थापन, विद्यालय सञ्चालनमा सहयोग, स्वास्थ्य सञ्चालनमा सहयोग, वातावरण व्यस्थापनलगायत वृक्षारोपण जस्ता विभिन्न कार्यक्रम गर्दै आएको छ।

## एनसेलका ग्राहकलाई हरेक दिन उपहार

काठमाडौं, (नेस)

एनसेलका प्रिपेड तथा पोस्टपेड ग्राहकले अब हरेक दिनआकर्षक उपहार प्राप्त गर्न सक्नेछन्। एनसेल प्रालिले आफ्ना ग्राहकका लागि 'सबैलाई उपहार हरेक दिन लगातार' योजना ल्याएको छ, जसअन्तर्गत एनसेलका ग्राहकले अब ३० दिनसम्म हरेक दिन आकर्षक बोनस उपहार पाउनेछन्।

यो अफर असार १४ गतेबाट लागू हुने कम्पनीले जनाएको छ। एनसेलका ग्राहकले एस्ट्रिक्स १७१२४ ह्यास डायल गरी निर्देशनअनुसार अथवा अंग्रेजीमा 'ए' टाइप गरी १७१२४ मा एसएमएस पठाई यो योजनामा नि:शुल्क सहभागी हुन सक्छन्। यो योजनामा सहभागिता जनाएपछि ग्राहकले विविध उपहारमध्ये हरेक दिन निश्चित डेटा भोल्युम, बोनस टक टाइम, बोनस एसएमएस लगायतका मध्येबाट कुनै एक उपहार प्राप्त गर्न सक्नेछन्। आकर्षक उपहार अन्तर्गत ग्राहकले १०० एमबी, २० एमबी, १० एमबी डेटा, १५ मिनेट बोनस टक टाइम, १५ मिनेट नाइट टक टाइम बोनस, १० मिनेट डे टक टाइम बोनस र २० बोनस एसएमएस लगायतका उपहारमध्ये कुनै एक हरेक दिन प्राप्त गर्न सक्नेछन्।

यसरी प्राप्त उपहार ग्राहकले त्यसै दिन अर्थात राती १२ बजेभित्र प्रयोग गरी सक्नुपर्ने छ। राती १२ बजेपछि अघिल्लो दिनको बोनस उपहार स्वत: सकिनेछ र ग्राहकले फेरि त्यस दिनको मध्यरातसम्म मान्य हुने उपहार प्राप्त गर्नेछन्। प्राप्त बोनस टक टाइम र एसएमएस एनसेल नेटवर्कमा मात्र लागू हुनेछ। 'आफ्ना ग्राहकलाई सधै उत्कृष्ट सेवा अनुभव प्रदान गर्नु एनसेलको उच्च प्राथमिकता रहँदै आएको छ। यो अफरले ग्राहकलाई आफ्ना प्रियजनसँग थप सम्पर्कमा रहन सम्भव बनाउँदै लाभ प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं,' एनसेलका कर्पोरेट संवाद विज्ञ मिलन शर्माले भन्नुभयो।

## ५० हजार लिटर दहीको जोहो

काठमाडौं, (नेस)

दुग्ध विकास संस्थानले राष्ट्रिय धान दिवस (असार १५) लाई लक्षित गरी ४५ हजार लिटर दही बिक्री वितरण गरेको छ। दुग्ध विकास संस्थानका व्यापार प्रवर्द्धन अधिकृत सन्जिव झाले धान दिवसमा दही चिउरा खाने चाडको रूपमा मनाइने परम्पराका कारण उपत्यकामा दहीको बढ्दो मागलाई पूर्ति गर्न मंगलबारदेखि औसतमा भन्दा दैनिक ३ देखि ४ हजार लिटर दही बजारमा पठाइएको बताउनुभयो।

अघिल्लो वर्षको असार १५ मा संस्थानले करिब ७० हजार लिटर दही बजारमा खपत गर्ने प्रक्षेपण गरिएकोमा करिबत ५० हजार लिटरमात्रै खपत भएको थियो। यो वर्ष पनि स्थानीय तहको निर्वाचनका लागि अधिकांश मानिस उपत्यकाबाट बाहिरिएकाले ४५ हजार देखि ५० हजार लिटर दहीको बजार माग देखिएको झाले बताउनुभयो।

हाल डीडीसीले भारतबाट दैनिक २० हजार लिटर दूध आयात गरिरहेको छ। स्थानीय उत्पादनमा ड्राइसिजन भएकाले स्वदेशी दूधले स्थानीय मागलाई धान्न नसकेकाले भारतबाट दूध आयात गर्नु परेको संस्थानले जनाएको छ।

## शेयरमा सामान्य गिरावट

काठमाडौं, (नेस)

स्थानीय तहको दोस्रो चरणको चुनाव सम्पन्न भएको दिन बुधबार नेप्से परिसूचकमा गिरावट आएको छ। बुधबार शेयर बजारमा १ दशमलब २८ अंकको गिरावट आएको छ। यस दिन परिसूचक १ हजार ५ सय ६५ दशमलब शून्य ९ बाट शुरू भई १ हजार ५ सय ६३ दशमलब ८१ को बिन्दुमा ओर्लिएको छ। परिसूचक ओरालो लागेसँगै बुधबार कारोबार रमकमा पनि गिरावट आएको छ। बुधबार शेयर बजारमा १ सय ४० कम्पनीका ७ लाख ९९ हजार ३ सय १८ कित्ता शेयर ४९ करोड ६८ लाख ७६ हजार ६ सय ५१ रुपियाँमा कारोबार भयो।

## एनआईसी एसिया बैंकद्वारा वृक्षारोपण

काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको परिसरमा ९ सय ५० वटा विरुवा रोपेको छ।

बैंक र प्रतिष्ठानबीच भएको सम्झौता अनुरूप बैंकले प्रतिष्ठान परिसरमा प्रतिष्ठानका पदाधिकारीलगायत धरानस्थित विभिन्न व्यक्तित्वसमेतको उपस्थितिमा उक्त कार्यक्रम सम्पन्न भएको थियो।

एनआईसी एसिया बैंकले मुलुकभर रहेका शाखाको पहलमा देशका विभिन्न स्कुल, अस्पताल, सरकारी कार्यालय परिसर, उद्यान, खेलकुद मैदान आदि जस्ता स्थानमा वृक्षारोपण एवम् संरक्षणका लागि उपयुक्त स्थान छनोट गर्ने गरेको छ। बैंकले चालू आवभित्र ७ हजार विरुवाको वृक्षरोपण गर्ने लक्ष्य लिएको छ।

NEPAL EDUCATION FAIR-2017
NEPAL EDUCATION FAIR and Admission Campaigning-2017
Parallel Event
Round Table Debate on Education Policy with Experts, Policymakers, Stakeholders, Gov-Representative....
Live On Mountain Television & Business Plus Television
Biratnagar: 23-24, Ashadh (7-8 July) 9:30 am - 6:00 pm Hotel Asiatique
Birgunj: 27-28, Ashadh (11-12 July) 9:30 am - 6:00 pm Jain Dharmashala
Nepalgunj: 31,Ashadh-1,Shrawan (July 15-16) 9:30 am - 6:00 pm Siddartha Cottage
Dhangadhi: 4-5, Shrawan (19-20 July) 9:30 am - 6:00 pm Om Palace
FREE ENTRY
Come and Join
Don't miss this opportunity
Limited Space remaining
Nepal's first and only, largest Education Event outside of Kathmandu valley
For more details contact: +977-1-5010806/819/9801160455 www.nepaleducationfair.com

PADMA GROUP
2067 (BS) 2069 (BS) 2073 (BS) 2074 (BS)
Making History in Television Transmission Industry
Concept of regional transmissions
BIRATNAGAR East Regional Transmission Centre Tel: +977-9801160388
BIRGUNJ Mid Regional Transmission Centre Tel: +977-9802942142
NEPALGUNJ Mid-West Regional Transmission Centre Tel: +977-9801160377
DHANGADHI Far-West Regional Transmission Centre Tel: +977-9801160362

## SHARE MARKET

28 JUNE WEDNESDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 10162.00 | 428.00 | 415.00 | 428.00 | 6.00 |
| 2 | Api Power Company Ltd. | 2745.00 | 560.00 | 538.00 | 547.00 | -5.00 |
| 3 | Arun Kabeli Power Ltd. | 1161.00 | 425.00 | 417.00 | 421.00 | -8.00 |
| 4 | Arun Valley Hydropower Development Co. Ltd. | 2666.00 | 268.00 | 262.00 | 268.00 | 0.00 |
| 5 | Asian Life Insurance Co. Limited | 2202.00 | 1486.00 | 1475.00 | 1486.00 | -1.00 |
| 6 | Bank of Kathmandu Ltd. | 11217.00 | 458.00 | 452.00 | 456.00 | 1.00 |
| 7 | Barun Hydropower Co. Ltd. | 150.00 | 261.00 | 260.00 | 261.00 | 0.00 |
| 8 | Butwal Power Company Limited | 2750.00 | 642.00 | 635.00 | 640.00 | 10.00 |
| 9 | Central Finance Co. Ltd. | 2734.00 | 172.00 | 169.00 | 169.00 | -6.00 |
| 10 | Century Commercial Bank Ltd. | 7509.00 | 370.00 | 362.00 | 370.00 | 4.00 |
| 11 | Chhimek Laghubitta Bikas Bank Limited | 1180.00 | 1541.00 | 1511.00 | 1522.00 | -19.00 |
| 12 | Chilime Hydropower Company Limited | 7707.00 | 819.00 | 800.00 | 805.00 | -10.00 |
| 13 | Citizen Bank International Limited | 12619.00 | 380.00 | 377.00 | 380.00 | -2.00 |
| 14 | Citizen Investment Trust | 1513.00 | 4104.00 | 4070.00 | 4100.00 | 30.00 |
| 15 | Civil Bank Ltd | 13168.00 | 241.00 | 236.00 | 240.00 | 0.00 |
| 16 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 420.00 | 1320.00 | 1300.00 | 1318.00 | 10.00 |
| 17 | Deprosc Development Bank Limited | 3617.00 | 1300.00 | 1280.00 | 1294.00 | 9.00 |
| 18 | Deva Bikas Bank Limited | 10572.00 | 279.00 | 270.00 | 272.00 | -3.00 |
| 19 | Dibyashwori Hydropower Ltd. | 85.00 | 215.00 | 211.00 | 214.00 | -1.00 |
| 20 | Everest Bank Limited | 7852.00 | 1392.00 | 1365.00 | 1365.00 | -35.00 |
| 21 | Everest Bank Limited Con. Pref. | 501.00 | 990.00 | 883.00 | 990.00 | 90.00 |
| 22 | Excel Development Bank Ltd. | 103.00 | 640.00 | 640.00 | 640.00 | 10.00 |
| 23 | First Micro Finance Development Bank Ltd. | 468.00 | 1018.00 | 1007.00 | 1007.00 | -13.00 |
| 24 | Forward Community Microfinance Bittiya Sanstha Ltd. | 46.00 | 1864.00 | 1758.00 | 1864.00 | [illegible] |
| 25 | Garima Bikas Bank Limited | 2047.00 | 300.00 | 291.00 | 297.00 | 1.00 |
| 26 | Global IME Bank Limited | 7208.00 | 385.00 | 371.00 | 381.00 | 4.00 |
| 27 | Global IME Samunnat Scheme-1 | 2600.00 | 10.00 | 9.80 | 10.00 | 0.21 |
| 28 | Green Development Bank Ltd. | 350.00 | 638.00 | 615.00 | 638.00 | 3.00 |
| 29 | Guheshowori Merchant Bank & Finance Co. Ltd. | 583.00 | 257.00 | 253.00 | 253.00 | -7.00 |
| 30 | Gurans Life Insurance Company Ltd. | 5051.00 | 1030.00 | 1000.00 | 1028.00 | 3.00 |
| 31 | Guras Life Insurance Company Ltd. Promoter Share | 800.00 | 603.00 | 569.00 | 569.00 | [illegible] |
| 32 | Gurkhas Finance Ltd. | 2302.00 | 188.00 | 187.00 | 188.00 | 2.00 |
| 33 | Hamro Bikas Bank Ltd. | 850.00 | 240.00 | 234.00 | 234.00 | -9.00 |
| 34 | Himalayan Bank Limited | 2580.00 | 900.00 | 865.00 | 890.00 | 4.00 |
| 35 | Himalayan General Insurance Co. Ltd | 29297.00 | 1694.00 | 1670.00 | 1675.00 | -5.00 |
| 36 | ICFC Finance Limited | 7730.00 | 281.00 | 275.00 | 281.00 | 3.00 |
| 37 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3029.00 | 198.00 | 193.00 | 195.00 | -2.00 |
| 38 | Janaki Finance Ltd. | 800.00 | 254.00 | 253.00 | 253.00 | -5.00 |
| 39 | Janata Bank Nepal Ltd. | 22519.00 | 268.00 | 262.00 | 265.00 | 4.00 |
| 40 | Janautthan Samudayic Laghubitta Bikas Bank Ltd. | 180.00 | 3110.00 | 3100.00 | 3110.00 | -20.00 |
| 41 | Jebils Finance Ltd. | 2100.00 | 253.00 | 252.00 | 252.00 | -5.00 |
| 42 | Jyoti Bikas Bank Limited | 623.00 | 213.00 | 208.00 | 213.00 | 3.00 |
| 43 | Kabeli Bikas Bank Limited | 626.00 | 549.00 | 548.00 | 549.00 | 4.00 |
| 44 | Kailash Bikas Bank Ltd. | 6252.00 | 326.00 | 322.00 | 322.00 | -3.00 |
| 45 | Kalika Microcredit Development Bank Ltd. | 187.00 | 1700.00 | 1685.00 | 1700.00 | 0.00 |
| 46 | Kankai Bikas Bank Ltd. | 4219.00 | 560.00 | 550.00 | 555.00 | 1.00 |
| 47 | Karnali Development Bank Limited | 105.00 | 300.00 | 296.00 | 300.00 | 0.00 |
| 48 | Khanikhola Hydropower Co. Ltd. | 401.00 | 217.00 | 205.00 | 207.00 | -1.00 |
| 49 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 156.00 | 2810.00 | 2790.00 | 2806.00 | -34.00 |
| 50 | Kumari Bank Limited | 30580.00 | 326.00 | 319.00 | 322.00 | -2.00 |
| 51 | Lalitpur Finance Ltd. | 165.00 | 172.00 | 172.00 | 172.00 | -3.00 |
| 52 | Laxmi Bank Limited | 20486.00 | 408.00 | 391.00 | 393.00 | 1.00 |
| 53 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 265.00 | 1870.00 | 1842.00 | 1866.00 | -1.00 |
| 54 | Laxmi Value Fund-1 | 13000.00 | 12.60 | 12.50 | 12.60 | -0.10 |
| 55 | Life Insurance Co. Nepal | 700.00 | 2006.00 | 2001.00 | 2001.00 | -19.00 |
| 56 | Lumbini General Insurance Co. Ltd. | 7706.00 | 980.00 | 950.00 | 970.00 | -13.00 |
| 57 | Machhapuchhre Bank Limited | 13875.00 | 364.00 | 352.00 | 357.00 | -3.00 |
| 58 | Mahila Sahayatra Microfinance Bittiya Sanstha Ltd. | 77.00 | 1205.00 | 1200.00 | 1205.00 | -15.00 |
| 59 | Manjushree Finance Ltd. | 2223.00 | 160.00 | 152.00 | 160.00 | 6.00 |
| 60 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1418.00 | 2272.00 | 2232.00 | 2250.00 | -27.00 |
| 61 | Mirmire Microfinance Development Bank Ltd. | 250.00 | 2218.00 | 2175.00 | 2218.00 | -31.00 |
| 62 | Miteri Development Bank Limited | 747.00 | 531.00 | 516.00 | 516.00 | -8.00 |
| 63 | Mithila LaghuBitta Bikas Bank Ltd. | 100.00 | 1326.00 | 1300.00 | 1326.00 | 26.00 |
| 64 | Muktinath Bikas Bank Ltd. | 6583.00 | 950.00 | 930.00 | 946.00 | 6.00 |
| 65 | Muktinath Bikas Bank Ltd. Promoter Share | 9313.00 | 490.00 | 490.00 | 490.00 | 0.00 |
| 66 | Nabil Balance Fund 1 | 2300.00 | 19.59 | 19.50 | 19.50 | 0.29 |
| 67 | Nabil Bank Limited | 4402.00 | 1500.00 | 1485.00 | 1499.00 | 8.00 |
| 68 | NABIL Bank Limited Promotor Share | 21928.00 | 1087.00 | 1070.00 | 1072.00 | -17.00 |
| 69 | Nabil Equity Fund | 5795.00 | 9.81 | 9.75 | 9.81 | -0.13 |
| 70 | National Life Insurance Co. Ltd. | 1394.00 | 2260.00 | 2202.00 | 2260.00 | 14.00 |
| 71 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 111.00 | 2260.00 | 2254.00 | 2260.00 | -40.00 |
| 72 | NB Insurance Co. Ltd. | 729.00 | 1004.00 | 980.00 | 1004.00 | 4.00 |
| 73 | Neco Insurance Co. Ltd. | 17048.00 | 984.00 | 961.00 | 984.00 | 4.00 |
| 74 | Nepal Bangladesh Bank Limited | 5934.00 | 398.00 | 394.00 | 394.00 | -1.00 |
| 75 | Nepal Bank Limited | 64518.00 | 340.00 | 333.00 | 335.00 | -4.00 |
| 76 | Nepal Credit And Commercial Bank Limited | 46208.00 | 373.00 | 362.00 | 372.00 | 7.00 |
| 77 | Nepal Doorsanchar Comapany Limited | 4965.00 | 664.00 | 660.00 | 662.00 | -1.00 |
| 78 | Nepal Grameen Bikas Bank Ltd. | 1354.00 | 759.00 | 731.00 | 759.00 | 9.00 |
| 79 | Nepal Insurance Co. Ltd. | 3105.00 | 1454.00 | 1432.00 | 1448.00 | -1.00 |
| 80 | Nepal Investment Bank Limited | 16539.00 | 752.00 | 740.00 | 744.00 | -1.00 |
| 81 | Nepal Investment Bank Ltd. Promoter Share | 17220.00 | 638.00 | 624.00 | 624.00 | -6.00 |
| 82 | Nepal Life Insurance Co. Ltd. | 7450.00 | 2059.00 | 2045.00 | 2045.00 | -30.00 |
| 83 | Nepal Life Insurance Co. Ltd. Promoter | 3500.00 | 1390.00 | 1390.00 | 1390.00 | 0.00 |
| 84 | Nepal SBI Bank Limited | 3055.00 | 935.00 | 925.00 | 925.00 | -5.00 |
| 85 | Nerude Laghubita Bikas Bank Limited | 1148.00 | 1284.00 | 1270.00 | 1270.00 | 0.00 |
| 86 | Ngadi Group Power Ltd. | 162.00 | 281.00 | 275.00 | 276.00 | -9.00 |
| 87 | NIBL Pragati Fund | 7071.00 | 9.79 | 9.60 | 9.60 | -0.10 |
| 88 | NIBL Samriddhi Fund 1 | 17889.00 | 11.77 | 11.75 | 11.75 | -0.20 |
| 89 | NIC Asia Bank Ltd. | 11771.00 | 442.00 | 435.00 | 436.00 | -6.00 |
| 90 | Nirdhan Utthan Bank Limited | 710.00 | 1975.00 | 1951.00 | 1951.00 | -24.00 |
| 91 | NLG Insurance Company Ltd. | 2115.00 | 1489.00 | 1455.00 | 1489.00 | 34.00 |
| 92 | NMB Microfinance Bittiya Sanstha Ltd. | 1206.00 | 2728.00 | 2661.00 | 2700.00 | -30.00 |
| 93 | NMB Bank Limited | 6559.00 | 549.00 | 538.00 | 540.00 | -4.00 |
| 94 | NMB Hybrid Fund L-1 | 12410.00 | 9.81 | 9.41 | 9.81 | 0.01 |
| 95 | NMB Sulav Investment Fund-1 | 20500.00 | 12.90 | 12.65 | 12.90 | 0.30 |
| 96 | Oriental Hotels Limited | 10.00 | 685.00 | 685.00 | 685.00 | 13.00 |
| 97 | Prabhu Bank Limited | 14065.00 | 402.00 | 396.00 | 399.00 | -1.00 |
| 98 | Prabhu Insurance Ltd. | 1700.00 | 1030.00 | 1018.00 | 1020.00 | -10.00 |
| 99 | Premier Insurance Co. Ltd. | 6712.00 | 1660.00 | 1615.00 | 1642.00 | 1.00 |
| 100 | Prime Commercial Bank Ltd. | 10466.00 | 410.00 | 401.00 | 408.00 | 0.00 |
| 101 | Prime Life Insurance Company Limited | 7866.00 | 2560.00 | 2510.00 | 2560.00 | 10.00 |
| 102 | Prudential Insurance Co. Ltd. | 1966.00 | 1429.00 | 1405.00 | 1410.00 | -10.00 |
| 103 | Purnima Bikas Bank Ltd. | 743.00 | 306.00 | 294.00 | 306.00 | 7.00 |
| 104 | Rastriya Beema Company Limited | 167.00 | 13700.00 | 13464.00 | 13700.00 | 500.00 |
| 105 | Rastriya Beema Company Ltd Promoter Share | 70.00 | 11800.00 | 11646.00 | 11800.00 | -83.00 |
| 106 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 1418.00 | 2717.00 | 2685.00 | 2715.00 | 10.00 |
| 107 | Reliance Finance Ltd. | 1130.00 | 214.00 | 212.00 | 212.00 | -6.00 |
| 108 | Ridi Hydropower Development Com Ltd. | 529.00 | 203.00 | 202.00 | 203.00 | 1.00 |
| 109 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1203.00 | 2955.00 | 2900.00 | 2926.00 | 26.00 |
| 110 | Rural Microfinance Dev Centre Ltd. | 162.00 | 781.00 | 781.00 | 781.00 | 0.00 |
| 111 | Sagarmatha Insurance Co. Ltd. | 1242.00 | 1423.00 | 1400.00 | 1400.00 | 0.00 |
| 112 | Sahayogi Bikas Bank Limited | 1000.00 | 353.00 | 353.00 | 353.00 | -7.00 |
| 113 | Sana Kisan Bikas Bank Ltd | 716.00 | 1529.00 | 1505.00 | 1529.00 | -1.00 |
| 114 | Sanima Bank Limited | 25500.00 | 427.00 | 422.00 | 424.00 | 0.00 |
| 115 | Sanima Mai Hydropower Ltd. | 12112.00 | 1189.00 | 1160.00 | 1180.00 | 10.00 |
| 116 | Saptakoshi Development Bank Ltd. | 968.00 | 209.00 | 205.00 | 209.00 | 0.00 |
| 117 | Shangrila Development Bank Ltd. | 1210.00 | 405.00 | 395.00 | 400.00 | 12.00 |
| 118 | Shikhar Insurance Co. Ltd. | 923.00 | 1917.00 | 1870.00 | 1885.00 | 15.00 |
| 119 | Shine Resunga Development Bank Ltd. | 778.00 | 420.00 | 407.00 | 408.00 | -4.00 |
| 120 | Shree Investment Finance Co. Ltd. | 676.00 | 374.00 | 367.00 | 374.00 | 0.00 |
| 121 | Siddhartha Bank Limited | 16066.00 | 483.00 | 474.00 | 475.00 | -7.00 |
| 122 | Siddhartha Insurance Ltd. | 3077.00 | 1459.00 | 1440.00 | 1459.00 | -1.00 |
| 123 | Siddhartha Investment Growth Scheme-1 | 7500.00 | 23.50 | 23.20 | 23.50 | 0.45 |
| 124 | Sindhu Bikash Bank Ltd | 1201.00 | 360.00 | 350.00 | 350.00 | -15.00 |
| 125 | Soaltee Hotel Limited | 21053.00 | 361.00 | 346.00 | 361.00 | 4.00 |
| 126 | Standard Chartered Bank Limited | 7858.00 | 2300.00 | 2288.00 | 2295.00 | 0.00 |
| 127 | Summit Micro Finance Dev Bank Ltd. | 610.00 | 3030.00 | 2990.00 | 2990.00 | 25.00 |
| 128 | Sunrise Bank Limited | 13232.00 | 384.00 | 375.00 | 375.00 | -2.00 |
| 129 | Surya Life Insurance Company Limited | 1640.00 | 1050.00 | 1040.00 | 1040.00 | -20.00 |
| 130 | Swabalamban Bikas Bank Limited | 782.00 | 1800.00 | 1795.00 | 1800.00 | 10.00 |
| 131 | Swarojgar Laghu Bitta Bikas Bank Ltd. | 326.00 | 1700.00 | 1667.00 | 1700.00 | 0.00 |
| 132 | Synergy Power Development Ltd. | 1953.00 | 256.00 | 250.00 | 253.00 | -2.00 |
| 133 | Taragaon Regency Hotel Limited | 1030.00 | 265.00 | 255.00 | 265.00 | 5.00 |
| 134 | Tinau Development Bank Limited | 176.00 | 317.00 | 305.00 | 317.00 | 12.00 |
| 135 | United Finance Ltd. | 99.00 | 248.00 | 248.00 | 248.00 | -2.00 |
| 136 | United Insurance Co. (Nepal) Ltd. | 2536.00 | 1479.00 | 1460.00 | 1465.00 | 0.00 |
| 137 | United Modi Hydropower Ltd. | 2711.00 | 365.00 | 358.00 | 359.00 | -1.00 |
| 138 | Vijaya laghubitta Bittiya Sanstha Ltd. | 120.00 | 1448.00 | 1390.00 | 1448.00 | 39.00 |
| 139 | Womi Microfinance Bittiya Sanstha Ltd. | 783.00 | 2005.00 | 1962.00 | 1985.00 | -6.00 |

Total Amount Rs. 496,876,651 Total Quantity 799,318 Total No of Transactions 4,366

# कृमा अनमोलको एक्सन अवतार

नायक अनमोल केसी हिजोआज किन कतै देखिँदैनन् ? किन उनी कुनै सभा-समारोहमा गइरहेका छैनन् ? यस्ता प्रश्नको एउटै जवाफ हो उनी पछिल्लो समय अहिलेसम्मकै महँगो र महत्त्वकांक्षी फिल्म कृमा काम गरिरहेका थिए।

कृमा उनी अहिलेसम्मकै फरक र भिन्न लुक्समा देखिँदै छन्। जसका लागि कृको निर्माण समूहले उनलाई बेग्लै प्रशिक्षकको व्यवस्था गरी लामो समयसम्म जिमलगायतका शारीरिक अभ्यास गराएर सिक्सप्याक बडी बनाउन लगाएको थियो भने हेयर स्टाइल पनि परिवर्तन गराएको थियो। अनमोलको क्रेजका कारण सुटिङ गर्नै समस्या भएपछि कृको निर्माण समूहले सुटिङ अवधिभर २४ घण्टै ४ निजी बडी गार्डको व्यवस्था गरेको थियो। कृको निर्माण समूहको आग्रहमै अनमोल आफूले यस फिल्मका लागि बदलेको लुक्स पहिल्यै लिक नहोस् भन्नका लागि कतै निस्किरहेका थिएनन्। तर, अब भने कृमा देखिने अनमोलको लुक्स सार्वजनिक भएको छ।

फिल्मको निर्माण संस्थाले केवल नायक अनमोल केसीलाई मात्र समावेश गरेर यसको फस्ट्लुक सार्वजनिक गरेको हो। कृको फस्ट्लुकमा अनमोल लामो कपाल पालेर एक्सन अवतारमा देखिएका छन्। लभर ब्वाइको रूपमा स्थापित अनमोल यो फिल्ममा भने एक्सन हिरोको रूपमा देखिनेछन्। आगामी कात्तिक ३ गते अल नेपाल रिलिज हुने फिल्मका निर्माण लागत हालसम्म झण्डै साँढे २ करोड पुगिसकेको छ भने रिलिजसम्म यो लागत बढ्नेछ। निर्माता सुवास गिरीको सुवास इन्टरटेन्मेन्टको निर्माण तथा नायक, निर्माता एवं निर्देशक भुवन केसीको द सुपर काजोल फिल्म्स्को प्रस्तुतिमा निर्माणाधीन फिल्ममा अनमोल केसी, अदीति बुढाथोकी, अनुपविक्रम शाही, कामेश्वर चौरासिया, सरोज खनाल, रूपा राना, लक्ष्मी गिरी, अमित गिरी, सुदामलगायतका कलाकार मुख्य भूमिकमामा छन्।

सुवास गिरी र भुवन केसीको निर्माण, कमल गिरी कार्यकारी निर्माण र श्री पराजुलीको सहनिर्माणमा निर्माणाधीन फिल्ममा कथा, सम्पादन र निर्देशन सुरेन्द्र पौडेलको रहेको छ भने प्रदीप भारद्वाज र आशिष रेग्मीको पटकथा र संवाद, अल्मोडा राना उप्रेती र विशेष श्रेष्ठको संगीत, रेनशा बान्तवा राईको कोरियोग्राफी, चन्द्र पन्तको द्वन्द्व र पुरुषोत्तम प्रधानको छायांकन रहेको छ। फिल्मले अहिले नै ओभरसिज राइट्सका लागि राम्रो रकम पाइसकेको छ। सुवास र भुवनले कृ वर्षकै बहुप्रतिक्षित फिल्म हुने आशा राखेका छन्।



# करिनाद्वारा शाहरूखको हिरोइन बन्न अस्वीकार

बलिउड नायिका करिना कपुर खान छोरालाई जन्म दिएपश्चात् आफूलाई पुन: फिल्मी दुनियाँमा फर्काउने तयारीमा लागेकी छिन्। बलिउडमा कमब्याक गर्नकै लागि शरीर सन्तुलित गर्न योगको अलावा जिममा पसिना बगाइरहेकी उनले शाहरुख खानसँग काम गर्न अस्वीकार गरेर भने सबैलाई आश्चार्यमा पारिदिएकी छिन्।

आनन्द एल रायको निर्देशनमा बन्न लागेको फिल्म एक फिल्ममा नायकको रूपमा शाहरुख खान हुनेछन् भने निर्देशकले उनको अपोजिटमा करिनालाई लिने मनशाय बनाएका थिए। तर, करिनाले भने फिल्ममा काम गर्न अस्वीकार गरिदिएकी छिन्। शाहरुख खान यतिबेला लिड रोलमा खेल्न कुनै हिरोइनको खोजीमा छन्। पछिल्लो समयमा आएको खबरअनुसार अनुश्का शर्मा तथा कट्रिना कैफ फिल्मका लागि फाइनल भएका छन्। बलिउडमा फर्कने सुरमा रहेकी करिनाले आफू *विरे दि वेडिङ्स* नामक फिल्ममा काम गर्न लागेको र यी दुवै फिल्मको डेट जुध्ने भएको बहानामा शाहरुखको हिरोइन बन्न अस्वीकार गरेको भारतीय सञ्चारमाध्यमले जनाएका छन्।

करिना सेफ अलि खानसँग बिहे गरेर सन्तानको आमा भएपछि बलिउडबाट हराएकी थिइन्। उनले गर्भावस्थामा भने फिल्ममा केही फिल्ममा काम गरेकी थिइन्। अहिले भने छोरालाई हुर्काइसकेकीले उनी बलिउड फिल्ममार्फत् फेरी पर्दामा फर्कन लागेकी हुन्।





# हिरो होइन कलाकार बन्न चाहन्छन् नवीन

फिल्म *राहदानी*बाट नेपाली फिल्मी जगत्मा प्रवेश गरेका बाग्लुङका नवीन लम्साल आफ्नो आउँदै गरेको फिल्म *कारखाना*लाई लिएर उत्साहित छन्। '*कारखाना*मा मेरो दोहोरो भूमिका छ। म नायिका वर्षा शिवाकोटीसँग एज अ लभर ब्वाईको रूपमा छु', भोलि शुक्रबारबाट रिलिजमा आउन लागेको फिल्मबारे नवीनले भने- 'फिल्ममा मेरो दोहोरो भूमिका देख्न सकिन्छ।'

पोखरामा स्कुल लेभलको पढाइ पूरा गरी उच्च शिक्षा अध्ययनका लागि काठमाडौं हानिएका उनले फिल्मलाई नै विषय बनाएर पढे। अनि करियर पनि फिल्मलाई बनाउने प्रयास गरिरहेका छन्। 'काठमाडौं आएपछि इन्जिनियरिङको लागि ख्वप: कलेजमा भर्ना भएँ। मेरो रोजाइको विषय त्यो थिएन। ड्याडीको इच्छा पूरा गर्न इन्जिनियरिङ ज्वाइन गरेको थिएँ', नवीनले *नेपाल समाचारपत्र*को कार्यालयमा सुनाए- 'तर, पछि ड्याडीको चाहनामा बाँच्ने कि आफ्नो चाहनामा बाँच्ने भन्ने लाग्यो। त्यसैले इन्जिनियरिङ पूरा गरेपछि ओस्कार कलेज अफ फिल्म स्टडीमा पढ्न थालें। त्यही पढ्दापढ्दै मैले पत्रकार डब्बु क्षत्रीले निर्देशन गर्नुभएको फिल्म *राहदानी*मा काम गरें। अहिले म काम गरिरहेको देखेर ड्याडीममी सबैजना मेरो फिल्डबाट खुसी हुनुहुन्छ। म पनि खुसी र सन्तुष्ट छु।'

फिल्ममा अभिनय गर्नुअघिदेखि नै उनी म्युजिक भिडियो, विज्ञापन आदिमा काम गर्थे। ५ वर्षको अवधिमा ६० भन्दा बढी म्युजिक भिडियो, ३ दर्जनमाथि विज्ञापन र केही टेलिसिरियलमा अभिनय गरेको बताउने उनले विद्यालयस्तरदेखि विभिन्न अवसरमा आयोजना हुने नाटकको माध्मबाट अभिनयको शुरुआत गरेको सुनाए।

'अभिनयका अलावा नृत्य, खेलकुद र घुमघाम पनि मेरो रुचिको विषय हो। कलेज पढ्दाको समय म बिहान कलेज जान्थें। दिउँसो मोडलिङ क्लास जान्थें, बेलुकीको समय डान्स र एक्सन क्लास जान्थें यसरी आफूलाई सबैतिरबाट तयारी गराउनका लागि पनि आफ्नो समय म्यानेज गरिरहेको थिएँ', उनी भन्छन्- 'यसबाट फिल्ममा काम गर्न सजिलो पनि भइरहेको छ।'

नयाँ फिल्म गर्दै गरेका उनी आगामी दिनमा पनि नेपाली फिल्मी क्षेत्रमा नै निरन्तरता दिने उद्देश्यले आएको बताउँछन्। 'म हिरोभन्दा पनि कलाकरको रूपमा फिल्म क्षेत्रमा स्थापित हुन चाहन्छु' -भूषण दाहालको *ओपन विन्डो*मासमेत काम गरेका नवीन भन्छन्।





सर्वत्र बजारमा उपलब्ध छ

## साधनाको नयाँ अंकका आकर्षणहरू

**धुलाम्मे काठमाडौंको अस्वस्थ जीवन**

विशेषत: राजधानीमा प्रदूषणयुक्त धूलोका कणहरू मन्द विषजस्तै फैलिराखेको अवस्था छ । यसले दम तथा फोक्सोको समस्या मात्र होइन, क्यान्सरजस्तो रोग निम्त्याउन सक्ने भएकाले बेलैमा धूलो सोस्ने आधुनिक प्रविधि भित्र्याएर वातावरण स्वच्छ बनाउनु जरूरी छ । काठमाडौंवासीको स्वास्थ्यलाई ख्याल गरी तयार पारिएको रिपोर्टिङ ।

**गर्भ बोक्दै सुटुक्क फाल्दै**

गर्भ बस्दैमा के हुन्छ र ? फाल्न मिलिहाल्छ नि ! भन्ने धारणा बढेर गएको छ । फलस्वरूप आफूखुसी गर्भपतनको औषधि सेवन गर्दा रगत बगेर बेहोस अवस्थामा अस्पताल पुग्नेहरू पनि छन् । सुरक्षित गर्भपतनबारे जानकारी हुँदाहुँदै पनि कतिपय महिला आफ्नै स्वास्थ्यमा खेलबाड गरिरहेका छन् । किन, के गर्ने त ? गर्भपतनसँग सम्बन्धित जिज्ञासाहरू मेटाउने बुनु थारूको खोजमूलक रिपोर्ट ।

**किशोरीहरू तल्लो पेट दुख्ने समस्याले हैरान**

महिनावारी भएका बेला कतिपय किशोरीहरू तल्लो पेट दुखेर हैरान हुन्छन् । किन दुख्छ त पेट ? यसलाई कसरी कम गर्न सकिन्छ ? स्त्रीरोग विशेषज्ञ डा. सुमनराज ताम्राकारद्वारा तयार पारिएको किशोरीहरूका लागि उपयोगी लेख ।

**अजम्मरी हुने उपायको खोजी**

विज्ञान र प्रकृतिको सबैभन्दा ठूलो लडाइँ जीवन र मृत्युको भयावह लडाइँसँग रहेको छ । प्रकृतिले एक न एक दिन सबैलाई मार्छ र विज्ञानले लामो समयदेखि अजम्मरी हुने उपाय खोजिरहेको छ तर सम्भव भएको छैन । पठनीय लेख ।

**विवाह नै हिस्टेरियाको उपचार हो त ?**

कतिपय स्थानमा किशोरीहरू बेहोस हुने, काम्ने, बर्बराउने गरेका समाचार हामीले पढे-सुनेका छौं । प्राय: किशोरीहरूमा यस्तो लक्षण हुने गरेको देखिन्छ । यो कस्तो रोग हो, कसरी लाग्छ, समाधान के हो ? के विवाह नै यो रोगको उपचार हो त ? किशोरी र अभिभावकहरूले पढ्नै पर्ने एक मनोविद्को लेख ।

**अनुहार सफा राख्न बाफको प्रयोग**

बाफको प्रयोगले छालाको फोहोरमैला निस्कने, छालाका प्वाल खुला हुने, रक्तसञ्चारमा वृद्धि हुने, कोषिकामा अक्सिजन पुग्ने हुँदा अनुहारमा निखार आउँछ । त्यसैले कहीँ पार्टीमा जाने तयारीमा हुनुहुन्छ भने एक-दुई दिनअघिदेखि नै अनुहारमा स्टिमिङ गर्ने सल्लाहसहितको ब्युटिसियनको लेख ।

**युरिक एसिडको बाथ**

रगतमा युरिक एसिडको मात्रा बढी भएमा यसले जोर्नीहरूमा खराब प्रभाव पार्छ । जोर्नीहरूमा युरिक एसिड क्रिस्टलको रूपमा जमेर जोर्नी सुन्निने र दुख्ने हुन्छ । यो किन र कुन उमेरमा हुन्छ, यसका बिरामीले के खाने, के नखाने, उपचार कसरी गर्ने ? बाथरोग उपचारमा अनुभवी डाक्टरको उपयोगी लेख ।

**जननेन्द्रियको आकारलाई लिएर चिन्ता**

**भोक जगाउन योग चिकित्सा**

**तनाव व्यवस्थापनमा खाना**

**मधुमेहीले के खाने, के नखाने ?**

साथमा तपाईका घरमा हाम्रा डाक्टर, इन्टेस्टिङ हेल्थ फयाक्टस, हेल्थ न्युज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३
www.newsofnepal.com




# हेटौंडामा नयाँ प्रविधियुक्त स्वीमिङ पुल

हेटौंडा, (नेस)

हेटौंडा-४, कमलडाँडामा शुक्रबारबाट नयाँ प्रविधियुक्त स्वीमिङ पुलको औपचारिक उद्घाटन गरिएको छ। हेटौंडा फुटसल एन्ड स्वीमिङ सेन्टरले सञ्चालनमा ल्याएको स्वीमिङ पुलको हेटौंडा उपमहानगरका मेयर हरिबहादुर महतले उद्घाटन गरेका हुन्।

हेटौंडामा सञ्चालनमा रहेका अन्य स्वीमिङ पुलभन्दा उक्त स्वीमिङ पुलमा नयाँ प्रविधि प्रयोग गरिएको फुटसल अध्यक्ष यम सिलवालले बताए। पुलमा ताजा पानी चलायमन हुने गरी इन्जिनियर टोलीबाट निर्माण गरिएको छ। स्वीमिङ पुलमा ताजा पानीका लागि फिल्टर हुने प्रविधि अपनाइएको छ।




गत वर्ष कार्य शुरू भएको फुटसल र स्वीमिङ पुल करिब सवा ३ करोड लागतमा निर्माण भएको हो। बालबालिका र वयस्कका लागि छुट्टाछुट्टै पुलको व्यवस्था गरिएको छ। बालबालिकाका लागि १ सय ५० र वयस्कका लागि २ सय रुपियाँ टिकटदर कायम गरिएको छ। अग्रिम टिकट बुकिङ गर्न चाहनेका लागि एक वर्षको १२ हजार रुपियाँ लिने व्यवस्था गरिएको छ।

साँझपख स्वीमिङका लागि इभिनिङ लाइटको व्यवस्था गरिएको सेन्टरले जनाएको छ। स्वीमिङ पुलमा एक हप्तासम्मको पौडी प्रशिक्षणको व्यवस्था पनि गरिएको छ। हेटौंडाका ३ वटा विद्यालयका विद्यार्थीलाई तालिम दिइएको अध्यक्ष सिलवालले जानकारी दिए। फुटसल र स्वीमिङ पुलमा सिलवालसहित हरिकृष्ण मैनाली, विजय गिरी र रघुराम कार्कीको सहकार्य छ।

# राखेपले असारमा तीन प्रतियोगिता गर्ने

काठमाडौं, (नेस)

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले यसै महिना तीन प्रतियोगिता आयोजना गर्ने भएको छ। जसअनुसार असार २२ देखि २४ गतेसम्म नवौं राष्ट्रिय विद्यालयस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता हुनेछ। राष्ट्रपति रनिङ सिल्डमा भलिबल, एथ्लेटिक्स, कबड्डी, तेक्वान्दो, कराते, उसु, फुटबल र क्रिकेट गरी ८ खेल राखिएको छ। विजेताले २५ हजार, उपविजेताले २० हजार र तेस्रोले १५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। व्यक्तिगत स्पर्धामा शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ३ हजार, २ हजार र १ हजार नगद पुरस्कार पाउनेछन्। त्यस्तै पहिलोदेखि तेस्रो हुने टिमका प्रत्येक खेलाडीलाई क्रमशः १ हजार ५ सय, १ हजार र ५ सय नगद पुरस्कार प्रदान गरिनेछ।

राष्ट्रपति रनिङ सिल्डपछि तेस्रो उपत्यकाव्यापी विद्यालयस्तरीय डन्डीबियो प्रतियोगिता असार २६ र २७ गते हुनेछ। त्रिपुरेश्वरस्थित राखेप हातामा हुने प्रतियोगितामा ११ छात्र टिमले भाग लिनेछन्। विजेताले १५ हजार, उपविजेताले १० हजार र तेस्रो हुनेले ५ हजार नगद पुरस्कार हासिल गर्नेछन्।

त्यस्तै तीन खेल समावेश दोस्रो प्रधानमन्त्री कप विश्वविद्यालयस्तरीय राष्ट्रिय खेलकुद असार २९ देखि ३१ गतेसम्म हुनेछ। प्रतियोगितामा भलिबल, टेबलटेनिस र ब्याडमिन्टनमा प्रतिस्पर्धा हुनेछ।







## धरहरा

### जनताको रहर



दोस्रो चरणको निर्वाचन बुधबार सम्पन्न भएको धरहराले पनि देख्न पाएको छ।

अब, अर्को चरणको निर्वाचन असोज २ गते हुने भनिएको छ। हिजो दोस्रो चरणको मतदान भव्यरुपमा भएको देखेपछि तेस्रो चरणको निर्वाचन तोकिएका क्षेत्रका स्थानीय बासिन्दाले चाँडो मतदान गराऊ हामी पनि चाँडोभन्दा चाँडो मतदान गर्न लालायित छौं भन्न थालेका छन्। हिजो मात्रै कतिपय जिल्लाका बासिन्दाले त्यो जोड गरेको धरहराले देख्न पायो।

हुन पनि जनतामा निर्वाचित पदाधिकारी नभएका क्षेत्रमा विकास निर्माणका कार्यमा पनि असर पर्ने हो कि भन्ने डर पलाएको छ। यसखालको डर पलाउनु त्यति नाजायज पनि होइन। किनकि, नवनिर्वाचितहरुले केही न केही योजना ल्याउने भएकाले नयाँपनको अपेक्षा उनीहरुले गरेका छन्।

यसअघि कर्मचारीतन्त्रले स्थानीय तह चलाइरहेको अवस्थामा जनताले चाँडो त्यसबाट मुक्ति चाहेको पाइएको छ। यो अवस्थामा निर्वाचन गर्नु हुन्न भन्ने र सार्ने दुवैलाई दबाब महसुस हुनुपर्ने हो। जनइच्छाको कदर नगर्ने अनि जनताका सेवक भन्न मिल्ला र भनेको? कि कसो पाठकवृन्द?




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, सम्पादकः लेखनाथ अधिकारी, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ